# आधारभुत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम २०७८

प्रकाशक : आमाछोदिङमो  गाउँपालिका, गोल्जुङवेसी, रसुवा।

प्रकाशन :  २०७८

वेबसाइट :www.aamachhodingmomun.gov.np

प्रमुख संरक्षक : श्री बुचुङ तामाङ, अध्यक्ष

संरक्षक      :  श्री चण्डिका तामाङ, उपाध्यक्ष

सदस्य : श्री अमर बहादुर जि.सी., प्रमुख प्रशासकीय अधिकृत

सदस्यः छेवाङ दोर्जे तामाङ, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

सदस्यः राजेन्द्र प्रसाद आचार्य, शिक्षा संयोजक

सर्वाधिकार   : श्री आमाछोदिङमो  गाउँपालिका, रसुवा

पाठ्यक्रम निर्माण प्राविधिक सहयोग

श्री शिक्षा अनुसन्धान केन्द्र

# विषय सूची


**१. परिचय** ........ 3

**२. स्थानीय पाठ्यक्रमको आवश्यकता** ........ 4

**३. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य** ........ 5

**४. विद्यालय शिक्षाको तहगत संरचना** ........ 6

**५. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना** ........ 6

क. कक्षा १–३ को पाठ्यक्रम संरचना ........ 6

ख. कक्षा ४–५ को पाठ्यक्रम संरचना ........ 6

**६. आधारभूत तह (कक्षा १–८) का तहगत सक्षमता** ........ 7

**७. स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरू (कक्षा १–५)** ........ 7

**८. विषयक्षेत्र** ........ 8

**५. विषयक्षेत्र र क्रम** ........ 9

**६. पाठ्यवस्तुको विस्तृतीकरण** ........ 11

कक्षा १ ........ 12

कक्षा २ ........ 16

कक्षा ३ ........ 21

कक्षा ४ ........ 25

कक्षा ५ ........ 31

७. पाठ्यघन्टी र अङ्क विभाजन तालिका ........ 38

८. सिकाइ सहजिकरण प्रक्रिया ........ 38

९. विद्यार्थी मूल्याङ्कन प्रक्रिया ........ 39

१०. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया ........ 40

११. समय निर्धारण र पाठ सङ्ख्या ........ 40

१२. पाठ्यक्रम परिमार्जन ........ 40

अनुसूची–१ ........ 41

विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा ........ 41

**अनुसूची–२** ........ 43

**विषयक्षेत्र र क्रम अनुसार अनुमानित कक्षागत पाठ संख्या तालिका** ........ 43

**अनुसूची–३** ........ 44

**निरन्तर विद्यार्थी मूल्याङ्कन मापदण्ड र स्तर निर्धारण** ........ 44

## १. परिचय

नेपालको संविधानको अनुसूची– ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले अधिकार प्रत्यायोजन गरिएको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन । आधारमा आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा१०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १–३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा तथा कक्षा ४–८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघण्टा १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवाको आवश्यता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" भनी परिभाषित गरेको छ । त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । उल्लिखित मान्यता बमोजिम यस पाठ्यक्रमले पनि आमाछोदिङमो गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ ।

आधारभूत तहको कक्षा १–५ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ट ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ ।

आमाछोदिङमो गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, गाउँपालिकाका सदस्य, पाठ्यक्रम विज्ञलगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा आमाछोदिङमो गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र सांस्कृतिक पर्यटन, पेसा प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित

विद्यालय, व्यक्ति र संस्थालगायतका विषयक्षेत्रलाई समेटेर कक्षा १देखि ५ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ। यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १–५ सम्म लागु गरिनेछ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १–३) को ढाँचा, २०७५ स्वीकृत भई परीक्षणको क्रममा रहेको छ। एकीकृत पाठ्यक्रम देशभरिमा २०७७ साल देखि लागु हुने छ। उक्त पाठ्यक्रमढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १–३ सम्ममा पाँचओटा विषय–गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान छ। स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ। स्थानीय पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ। त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिकतयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन। अत: स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ।

हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ। केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यकपर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले आमाछोदिङमो गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न

ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न

ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन

घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न

ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न

च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धनर विकास गर्न सहयोग पुऱ्याउन

छ) स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न

## ३. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय शिक्षा पाठ्यक्रम, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार छन् :

१.प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

२.राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिवद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने,

३.श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील र सीपयुक्त नागरिक तयार गर्ने।

४.व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्नसहयोग पुऱ्याउने।

५.प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने।

६.प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने।

७. राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

८. वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझवुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने।

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने।

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, सम्वर्द्धन र विस्तारतर्फ अभिप्ेररित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने।

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने।

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निमित्त आवश्यक मानव संशाधनको विकास गर्ने ।

## ४. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ का अनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ ।

| विद्यालय शिक्षाको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ३देखि ४ वर्ष | |
| आधारभूत तह | कक्षा १–३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४–५ | ८देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६–८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९–१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११–१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ५. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

### क. कक्षा १–३ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय सम्बन्धी क्रियाकलाप/विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिकसीप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | भाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

### ख. कक्षा ४–५ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | भाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

### ६. आधारभूत तह (कक्षा १–८) का तहगत सक्षमता

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १–८) का विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमताहरु निम्न बमोजिम रहेका छन् ;

- देशप्रेम र राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,
- भाषिक तथा सञ्चार सीपको विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
- सूचना र विचारहरुको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
- तार्किक तथा व्यवहारिक गणितीय ज्ञान, सीप एवम् अभिवृत्ति विकास र प्रयोग,
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग,
- मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता,
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबीचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास,
- स्थानीय, आधुनिक पेसा, व्यावसाय र प्रविधि एवम्श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीपको प्रयोग,
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवम्सिर्जनशीलताको विकास र प्रयोग,
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
- दैनिक जीवनमा आईपर्ने व्यवहारिक समस्याहरुको पहिचान, विश्लेषण तथा समाधान।

### ७. स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरू (कक्षा १–५)

(क) आमाछोदिङमो गाउँपालिकाको सामान्य परिवेश (भौगोलिक संरचना, जनसङ्ख्या, सिमाना, आदि ) सँग परिचित भई आफ्नो पहिचानप्रति गौरवानुभूति

(ख) स्थानीय कला, साहित्य र संस्कृतिसँग परिचित भई तिनको संरक्षण र सम्वर्द्धन एवम् सिर्जनशीलताको विकास

(ग) स्थानीय स्रोतसाधन तथा गाउँपालिकाका सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र विकासमा क्रियाशिलता प्रबर्धन।

(घ) स्थानीय पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान, सो सम्बन्धी जीवनोपयोगी सीपहरुको प्रवर्धन,विकास र प्रयोग

(ङ) स्वस्थकर बानी, असल पूर्वीय संस्कार र शारीरिक तन्दुरुस्तीको सचेतना र अवलम्वन

(च) विपद् र वातावरण संरक्षणप्रति सचेतनाको विकास तथा हरित विद्यालयको अवधारणाको अवलम्वन

(छ) स्थानीय सामाजिक संघसंस्था, विशिष्ट व्यक्तित्व र अग्रज एवम् तिनको योगदानप्रति सम्मान गर्ने बानीको विकास

(ज) स्थानीय वातावरणको जैविक विविधताको पहिचान, वर्गीकरण र यसको महत्वबोध

(झ) सरसफाइ र फोहोरमैला व्यवस्थापनप्रति सचेतनाको विकास र प्रयोग।

## ८. विषयक्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रममले आमाछोदिङमो गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले आमाछोदिङमो गाउँपालिका भित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटेको छ :

क) हाम्रो गाउँपालिका : गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्थाहरू

ख) प्राकृतिक स्रोत र सम्पदा : वन जङ्गल, सामुदियक वन, जडीबुटी, खोलानाला, कुण्ड, पानीका स्रोत, प्राकृतिक तातोपानी, डाँडाकाँडा, खर्क

ग) संस्कार र संस्कृति :जातजाति, मन्दिर, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र वेषभूषा, गीत, सङ्गीत, बाजागाजा

घ) ऐतिहासिक र पर्यटकीय स्थल : पार्वतीकुण्ड, गोप्पो कुण्ड, डिल्पु कुण्ड, छमकङ डाँडा, कालोगाउँ(Black Village) साङजेन भ्याली, सोमदाङ भ्याली,

ङ) स्थानीय पेसा उद्यशीलता र प्रविधि :स्थानीय पेसा उद्यमशीलता र प्रविधि

च) स्वास्थ्य र सरसफाइ : योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, व्यायाम, स्थानीय खेलहरू

छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढी, पहिरो, चट्याङ, हावाहुरी) वातावरण र हरित विद्यालय

ज) व्यक्ति र संस्था परिचय: आमाछोदिङमोको विकास निर्माण र समाजसेवामा विशेष योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्ति र संस्थाहरू

# ५. विषयक्षेत्र र क्रम

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | भौगोलिक अवस्था, सिमाना, भू- बनावट, हावापानी, जनसङ्ख्या जातजाति, शैक्षिक संस्था | • आफु र आफ्नो बसोबास भएको ठाउँको परिचय<br>• गाउँपालिकाको सामान्य परिचय | • आफ्नो बसोबास रहेको वडाको सामान्य परिचय तथा जनसंख्यात्मक अवस्था<br>• वडा भित्रका मुख्य मानव बस्तीहरुको परिचय<br>• गाउँपालिकाको परिचय | • गाउँपालिकाको भौगोलिक अवस्था तथा हावापानी<br>• गाउँपालिकाको जनसंख्यात्मक अवस्था<br>• गाउँपालिका भित्रका मुख्य मानव बस्तीहरुको परिचय | • गाउँपालिकाको भु बनावट, क्षेत्रफल<br>• गाउँपालिका भित्र बसोबास गर्ने जातजाती तथा धर्मावलम्बीहरुको जनसंख्यात्मक अवस्था<br>• गाउँपालिका भित्रका मुख्य मानव बस्तीहरुको परिचय | • गाउँपालिकाको क्षेत्रफल र साँध सिमाना<br>• गाउँपालिकामा जातजातिगत वितरण र तिनको शैक्षिक अवस्था<br>• गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरूको परिचय |
| २ | **हाम्रो प्राकृतिक स्रोत र सम्पदा** | वनजङ्गल, सामुदायिक वन, खोला, कुण्ड, कुवा, डाँडाकाँडा, जडीबुटी, खानी, भ्याली, प्राकृतिक तातोपानी | • स्थानीय प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, वन जंगल, आदिको परिचय<br>• स्थानीय सम्पदाः गुम्बा छुर्तेनहरुको परिचय | • स्थानीय प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, वन जंगल, जडिबुटी आदिको परिचय<br>• स्थानीय सम्पदाः गुम्बा छुर्तेन मन्दिर आदिको परिचय | • स्थानीय प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, वन जंगल, डाँडाकाँडा, जडिबुटी, प्राकृतिक तातोपानी आदिको महत्व<br>• स्थानीय सम्पदाः गुम्बा छुर्तेन मन्दिर आदिको पौराणिक महत्व | • स्थानीय प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, वन जंगल, डाँडाकाँडा, प्राकृतिक तातोपानी, जडिबुटी आदिको संरक्षण<br>• स्थानीय सम्पदाः गुम्बा छुर्तेन मन्दिर आदिको संरक्षण | • स्थानीय प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, वन जंगल, डाँडाकाँडा, भ्याली, खानी, प्राकृतिक तातोपानी, जडिबुटी आदिको संरक्षण र उपयोगीता<br>• स्थानीय सम्पदाः गुम्बा छुर्तेन मन्दिर आदिको संरक्षण र उपयोगीता |
| ३ | हाम्रो संस्कार र संस्कृति | जातजाति (तामाङ, घले, ब्राम्हण क्षेत्री, नेवार, दलित)को<br>• चाडपर्व, जात्रा, पर्व, मेला<br>• आनीबानी, मूल्य मान्यता,भाषा र वेषभूषा<br>• गीत, सङ्गीत बाजा गाजा<br>• पुजाआजा | • गाउँपालिका भित्र मनाउने मुख्य चाडपर्वको परिचय<br>• स्थानीय भाषा, भेषभुषाको परिचय<br>• गाउँपालिका भित्र लाग्ने मुख्य जात्रा, मेला, पर्वहरुको परिचय<br>• स्थानीय गीत संगित र बाजाहरुको परिचय | • गाउँपालिका भित्र मनाउने सबै खाले चाडपर्वको परिचय<br>• स्थानीय भाषा, भेषभुषाको परिचय<br>• गाउँपालिका भित्र लाग्ने सबै खाले जात्रा, मेला, पर्वहरुको परिचय<br>• स्थानीय गीत संगित र बाजाहरुको परिचय | • गाउँपालिका भित्र मनाउने मुख्य चाडपर्वको परिचय तथा महत्व<br>• स्थानीय भाषा, भेषभुषाको परिचय तथा महत्व<br>• गाउँपालिका भित्र लाग्ने जात्रा, मेला, पर्वहरुको परिचय तथा महत्व<br>• स्थानीय गीत संगित र बाजाहरुको परिचय तथा महत्व | • गाउँपालिका भित्र मनाउने मुख्य चाडपर्वको संरक्षण<br>• स्थानीय भाषा, भेषभुषाको संरक्षण<br>• गाउँपालिका भित्र लाग्ने जात्रा, मेला, पर्वहरुको संरक्षण<br>• स्थानीय गीत संगित र बाजाहरुको संरक्षण<br>• गाउँपालिका भित्र गरिने विशेष पूजाआजाको परिचय | • गाउँपालिका भित्र मनाउने मुख्य चाडपर्वको संरक्षण र प्रचार प्रसार<br>• स्थानीय भाषा, भेषभुषाको संरक्षण र प्रचार प्रसार<br>• गाउँपालिका भित्र लाग्ने जात्रा, मेला, पर्वहरुको संरक्षण प्रचार प्रसार<br>• स्थानीय गीत संगित र बाजाहरुको संरक्षण तथा गाउने बजाउने सिपको विकास<br>• गाउँपालिका भित्र गरिने विशेष पूजाआजाको परिचय तथा महत्व |

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| ४ | ऐतिहासिक र पर्यटकीय स्थल | तामाङ सम्पदा मार्ग, कालो गाउँ, खर्क, डाँडा, भन्ज्याङ, कुण्ड, भ्याली, प्राकृतिक तातोपानी, घले दरबार, नेवार दरबार | • गाउँपालिका भित्रका ऐतिहासिक स्थलहरुको परिचय<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थानको परिचय | • गाउँपालिका भित्रका ऐतिहासिक स्थलहरुको परिचय<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थानको परिचय | • गाउँपालिका भित्रका ऐतिहासिक स्थलहरुको परिचय तथा महत्व<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थानको परिचय तथा महत्व | • गाउँपालिका भित्रका ऐतिहासिक स्थलहरुको महत्व तथा संरक्षण<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थानको महत्व तथा संरक्षण | • गाउँपालिका भित्रका ऐतिहासिक स्थलहरुको संरक्षण तथा उपयोगीता<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थानको संरक्षण तथा उपयोगीता |
| ५ | स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | • गाउँपालिका भित्रका मानिसहरुले जीविकोपार्जनको लागि गर्ने मुख्य पेसा कृषि तथा पशुपालन<br>• गाउँपालिका भित्रका मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यः ऊन र त्यसबाट बनाइने स्थानीय सामग्री, बाँस निगालोबाट बनाइने सामग्री<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधि र नविनतम प्रविधिहरु | • गाउँपालिका भित्र गरिने मुख्य तथा परम्परागत पेसाको परिचय<br>• गाउँपालिका भित्र का मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यको परिचय<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधिको परिचय | • गाउँपालिका भित्र गरिने मुख्य तथा परम्परागत पेसाको परिचय<br>• गाउँपालिका भित्र का मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यको परिचय<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधिको परिचय | • गाउँपालिका भित्र गरिने मुख्य तथा परम्परागत पेसाको परिचय तथा महत्व<br>• गाउँपालिका भित्र का मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यको परिचय तथा महत्व<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधिको परिचय तथा महत्व | • गाउँपालिका भित्र गरिने मुख्य तथा परम्परागत पेसाको महत्व तथा संरक्षण<br>• गाउँपालिका भित्र का मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यको महत्व तथा संरक्षण<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधिको महत्व तथा संरक्षण | • गाउँपालिका भित्र गरिने मुख्य तथा परम्परागत पेसाको संरक्षण तथा व्यवसायीकरण<br>• गाउँपालिका भित्र का मानिसहरुको उद्यमशिलता सम्बन्धी कार्यको संरक्षण तथा व्यवसायीकरण<br>• गाउँपालिका भित्र विद्यमान पुराना प्रविधिको संरक्षण तथा व्यवसायीकरण |
| ६ | पोषणयुक्त खाना स्वास्थ्य र व्यक्तिगत तथा वातावरणीय सरसफाइ, व्यायाम, योग तथा ध्यान | • व्यक्तिगत सरसफाइ, घर आँगनको सरसफाई, सन्तुलित भोजन, ब्यायाम, योग तथा ध्यान | • शरीरका अङ्गहरुको सरसफाइको परिचय तरिका र अभ्यास<br>• खानाको परिचय र आव्शयकता<br>• शारिरीक व्यायामको परिचय, स्थानीय खेल मार्फत शारिरीक व्यायाम र अभ्यास | • शरीरका अङ्गहरुको सरसफाइको परिचय तरिका र अभ्यास<br>• पोषणयुक्त खानाको परिचय र आवश्यकता<br>• शारिरीक व्यायामको परिचय, स्थानीय खेल मार्फत शारिरीक व्यायाम र अभ्यास | • शरीरका अङ्गहरुको सरसफाइ, व्यक्तिगत सामग्रीको हिफाजत अभ्यास र महत्व<br>• सन्तुलित भोजनको परिचय र आवश्यकता<br>• शारिरीक व्यायामको परिचय, स्थानीय खेल मार्फत शारिरीक व्यायाम र अभ्यास | • वातावरणीय सरसफाइको परिचय<br>• सन्तुलित भोजनको आवश्यकता र महत्व<br>• शारिरीक व्यायामको परिचय, स्थानीय खेल मार्फत शारिरीक व्यायाम र अभ्यास<br>• योग तथा ध्यानको परिचय | • घर आँगन तथा विद्यालय सरसफाई सम्बन्धी आनिबानीको विकास<br>• सन्तुलित भोजनको आवश्यकता र महत्व<br>• पानी पिउने सही मात्रा र तरिका<br>• शारिरीक व्यायामको परिचय, स्थानीय खेल मार्फत शारिरीक व्यायाम र अभ्यास<br>• योग तथा ध्यानको परिचय र अभ्यास |

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने मुख्य विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| ७ | प्रकोप, प्रकोप व्यवस्थापन | • प्रकोप (बाढी, पहिरो, भूक्षय, हावहुरी, भूकम्प, आगजनी, सडक दुर्घटना), विपद् जोखिम, | • प्रकोपको परिचय<br>• स्थानीय स्तरमा देखा परेका प्रकोपहरुको परिचय | • प्रकोपको परिचय/ प्रकार<br>• स्थानीय स्तरमा देखा परेका प्रकोपहरुको परिचय | • प्रकोपका घटनाहरु हुने कारण<br>• स्थानीय स्तरमा देखा परेका प्रकोपका घटनाहरुको कारण | • प्रकोपका घटनाहरु हुने कारण<br>• स्थानीय स्तरमा देखा परेका प्रकोपका घटनाहरुको कारण | • प्रकोपका घटनाहरु हुने कारण तथा न्यूनिकरणका उपायहरु<br>• स्थानीय स्तरमा देखा परेका प्रकोपका घटनाहरुको कारण तथा न्यूनिकरणका उपायहरु |
| ८ | स्थानीय संरचना<br>र सामाजिक संस्था विशिष्ट व्यक्तित्व र अग्रज | • गाउँपालिकाको वडा गत संरचना र त्यसमा  रहेका व्यक्तित्वहरु<br>• गाउँ कार्यपालिका र गाउँसभामा रहेका व्यक्तित्वहरु<br>• गाउँपालिका भित्र क्रियाशिल सामाजिक संघ संस्थाहरूका बारेमा जानकारी<br>• गाउँपालिकाभित्र रहेका राष्ट्रियरुपमा ख्यातीप्राप्त व्यक्तित्वहरु | • | • | • | • वडाको संरचनाबारे जानकारी<br>• आफु रहेको वडाको वडा समितिको पदाधिकारीहरुबारे जानकारी<br>• आफु रहेको वडा भित्र स्थापना भएका सामाजिक सङ्घसंस्था, आमासमुह, सहकारीहरु उक्त संस्थाहरुले गर्ने मुख्य कार्य सम्बन्धी जानकारी | • गाउँपालिकाकाको संरचनाबारे जानकारी<br>• गाउँ कार्यपालिकामा रहेका पदाधिकारीहरु बारे जानकारी<br>• गाउँसभामा रहेका पदाधिकारीहरुबारे जानकारी<br>• गाउँपालिका भित्र स्थापना भएका सामाजिक सङ्घसंस्था, सहकारीहरु उक्त संस्थाहरुले गर्ने मुख्य कार्य सम्बन्धी जानकारी |

## ६. पाठ्यवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षणसिकाइ प्रक्रिया–क्रियाकलाप, शिक्षण सामग्री र मूल्याङ्कन) लाई प्रस्तुत गरिएको छ। पाठ्यवस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | क) आफू र आफ्नो गाउँ वा वासस्थानको नाम बताउन<br>ख) परिवारका सदस्य तथा प्रमुखका नाम सोध्न र भन्न<br>ग) परिवारका सदस्यले गर्ने कामका आधारमा भूमिका अभिनय गर्न<br>घ) गाउँपालिकाको नाम, वडासङ्ख्या र आफू बस्ने वडा बताउन | क) आफू, आफ्नो परिवार र आफ्नो वास स्थान<br>ख) गाउँपालिकाको सामान्य परिचय | क) आफू, परिवार र आफ्नो गाउँ वा वासस्थानको नाम<br>ख) परिवारका सदस्य र घरमुलीको नाम र काम<br>ग) गाउँपालिकाको नाम, वडा सङ्ख्या र आफू बस्ने वडा | १. शिक्षकले आफ्नो परिचय–नाम, परिवार र वासस्थान) बताउने र यस क्रममा पारिवारिक पृष्ठभूमि झल्किने चित्र प्रदर्शन गर्दै आफूले परिचय गरी विद्यार्थीलाई परिचय दिन लगाउने<br>२. परिवारका सदस्यका प्रमुख कामका बारेमा छलफल गराई उक्त कामको भूमिका अभिनय गर्न लगाउने,<br>३. गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडासङ्ख्या भन्न लगाउने<br>५. नक्सा वा चित्रमा दिइएको वडासङ्ख्याका आधारमा आफू बस्ने वडा पहिचान गर्न लगाउने। यसको थप अभ्यासका लागि युगल जोडी वा ससाना समूहका छलफल गर्न लगाई साथीको वडासङ्ख्या पनि पहिचान गर्न लगाउने<br>६. सूचना प्रविधिका साधन उपयोग गरी गाउँपालिकाको सामान्य परिचय दिने सामग्री प्रस्तुत गर्ने र त्यसका आधारमा कुराकानी तथा प्रश्नोत्तर गराउने | क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>ख) व्यक्तिगत तथा पारिवारिक पेसा जनाउने चित्र<br>ग) वडा सङ्ख्या सहितको गाउँपालिकाको नक्सा वा चित्र<br>घ) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीले आफ्नो परिचय दिँदा नाम, परिवार र वासस्थानलाई समावेश गरे नगरेका आधारमा मापन गर्ने<br>२. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने<br>४. प्रश्नोत्तर तथा अन्य सन्दर्भमा गाउँपालिकाको नाम, वडासङ्ख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने। | २० घन्टी |
| हाम्रो प्राकृतिक स्रोत र संम्पदा | क) आफ्नो वासस्थान वरपर रहेका कुण्डको अवलोकन भ्रमण गरी अवस्थिति बताउन<br>ख) वासस्थान नजिकै रहेका गुम्बाहरुको नाम भन्न तथा अवस्थिति बताउन | क) प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, डाँडा, वन जंगल<br>ख) स्थानीय सम्पदाः गुम्बा तथा छुर्तेनहरु | क) स्थानीय जल स्रोत, कुण्ड, खोला<br>ख) स्थल स्रोत खेतबारी, चउर, मैदान, वनजङ्गल, सामुदायिक वन, डाँडाकाँडा<br>ग) गुम्बा तथा छुर्तेनहरु | क) विद्यालय नजिकै रहेको कुण्ड, खोला डाँडाको तस्बिर, फोटा वा चित्र निर्माण गरी प्रदर्शन गर्ने।<br>ख) विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका कुण्ड, खोला, वन जंगल डाँडाको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने परिचय दिने त्यस्ता स्थानमा जाँदा अपनाउनुपर्ने सावधानी बताउने | क) सान्दर्भिक तस्बिर वा चित्र<br>ख) श्रव्यदृश्य सामग्री | १. कुण्ड, खोला र नदी, जडिबुटीका चित्र प्रदर्शन गरी नाम भन्न लगाउने<br>२. कुण्ड, खोला र नदी वन जंगलमा जाँदा अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. बसोबास गरेको गाउँमा रहेको गुम्बा तथा छुर्तेनको परिचय दिन लगाउने | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | ग) वासस्थान नजिकै रहेका खोला वा नदीका बारेमा छोटकरीमा बताउन<br>घ) घरनजिक्रै रहेको डाँडामा रहेका कुरा बताउन<br>ङ) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवा तथा जडिबुटीको नाम सोध्न र चिनेकाको नाम भन्न | | | (पार्वतीकुण्ड, गोप्पोकुण्ड, डिल्पु कुण्ड, चिलिमे खोला, पार्वतीकुण्ड खोला, साङजेन खोला, भोटेकोशि नदि, वा विद्यालय नजिकै रहेका अन्य खोलाहरु)<br>ग) स्थलगत अध्ययन भ्रमणका क्रममा तातोपानी, कुण्ड, खोला र नदीको विशेष नाम भए नामसँग परिचित गराउने<br>घ) घरनजिकै रहेको खेतबारी, चउर र डाँडाको अवलोकन भ्रमण गराउने, भ्रमण गराउँदा स्थानीय जडिबुटीहरु, जस्तै : चिराइतो, टिमुर, तेजपत्ता वा स्थानीय स्तरमा पाइने अन्य जडिबुटीहरु<br>ङ) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न लगाउने । अवलोकनपछि थाहा पाएका बोटबिरुवाका नाम समेटिएको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने)<br>च) विद्यालय रहेको गाउँमा भएको वा गाउँ नजिकै भएको गुम्बाको परिचय दिनको लागि स्थलगत भ्रमण गराउने वा फोटो देखाउने वा विद्यार्थीहरुबाट भन्न लगाउने<br>छ) सूचना प्रविधिको उपयोग गरी सान्दर्भिक सङ्कलन र प्रदर्शन गर्ने, गर्न लगाउने | | | |
| हाम्रो संस्कार र संस्कृति | क) स्थानीय रूपमा मनाइने मुख्य चाडपर्वको सूची बनाउन | क) स्थानीय चाडपर्वको परिचय<br>ख) स्थानीय स्तरमा बिभिन्न | क) दसैँ, तिहार र ल्होसारको परिचय<br>ख) दसैँ, तिहार र ल्होसारमा लगाउने | क) आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउने | क) दसैँ, तिहार र ल्होसारमा गाउने गीत र बाजा | क) आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने<br>ख) चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउने | ४० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | ख) स्थानीय भेष भुषाको बारेमा बताउन<br>ग) मेला र जात्राको नाम भन्न<br>घ) स्थानीय बाजाहरुको नाम भन्न | जातजातिहरूले मनाउने चाडपर्वहरू<br>ग) भेषभुषा<br>घ) स्थानीय जात्रा मेला<br>ङ) स्थानीय जात्रा पर्व मेलामा बजाइने बाजा | लुगा र खानेकुराको नाम<br>ग) तामाङ भेषभुषा<br>घ) माने जात्रा पार्वतीकुण्ड मेला | ख) दसैँ, तिहार र ल्होसारमा स्थानीय अग्रजहरुले गाएको गाना नक्कल गरी गाउन लगाउने<br>ग) दसैँ, तिहार र ल्होसारसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, भिडियो देखाई छलफल गराउने<br>घ) विभिन्न समयमा लगाउने भेषभुषाका बारेमा छलफल गराउने सधै एउटै नलगाउनुको कारण सोध्ने | ख) दसैँ, तिहार र ल्होसारसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र भिडियो<br>ग) विभिन्न भेषभुषा लगाएको स्थानीयको चित्र | ग) चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउने<br>घ) स्थानीय बाजाहरुको नाम भन्न लगाउने | |
| ऐतिहासिक र पर्यटकीय स्थल | गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | ऐतिहासिक र पर्यटकीय स्थल | गाउँपालिकामा भएका पर्यटकीय स्थलहरु तामाङ सम्पदा मार्ग, कालो गाउँ, छमकङ डाँडा, खुर्पु भन्ज्याङ, पार्वतीकुण्ड, साङजेन भ्याली सोमदाङ भ्याली, प्राकृतिक तातोपानी<br>मध्येबाट<br>ऐतिहासिक स्थलः घले दरबार, नेवार दरबार | क) विद्यालय वरपर रहेको ऐतिहासिक स्थलको अवलोकन भ्रमण गराउने र त्यसपश्चात ऐतिहासिक स्थलको परिचयको बारेमा छलफल गर्ने<br>ख) ऐतिहासिक स्थलको चित्र तथा भिडियोहरु देखाउने<br>ग) गाउँमा स्वदेशी/विदेशी मान्छे केहि आएको देखे नदेखेको बारेमा छलफल गर्दै पर्यटकको जानकारी दिने<br>घ) आफ्नो गाउँभित्र घुम्नु परेमा कुन ठाउँमा जाने गरिन्छ सोध्ने र त्यस्ता ठाउँको बिशेषता छलफल गर्ने<br>ङ) गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको क्षेत्र भ्रमण गराउने वा भिडियोहरु देखाइ परिचय गराउने | क) विद्यालय रहेको क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको चित्र पोष्टर भिडियो | क) पर्यटकीय क्षेत्र भनेको के हो ?<br>ख) तिम्रो वडामा ऐतिहासिक स्थल छन् कि छैनन छन् भने नाम भन<br>ग) तिमी कस्तो अवस्थामा पर्यटकको रुपमा चिनिन्छौ ? | २५ घन्टी |
| स्थानीय पेसा उद्यमशीलता र प्रविधि | क) आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन | स्थानीय मुख्य परम्परागत पेसाको परिचय<br>उद्यमशिलताको परिचय | क) आफ्नो परिवारका सदस्यहरू–आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने, , जस्तै : खेतीमा काम गर्ने, | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, | क) आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने। | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | ख) आफ्नो छिमेकका मानिसले गर्नेपेसाहरू बताउन<br>ग) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउन | पुराना प्रविधहरुको परिचय | ख) आफ्नो घर वा छिमेकका मानिसहरू गर्ने उद्यमबाट बनाइएका सामानहरु ऊन, राडि, टोपी , चोयाबाट बनाइएका सामानहरु मान्द्रो, डोको, डालो<br>ग) पुराना प्रविधिहरु ओखलमा धान कुटने प्रविधि | पशुपालन गर्ने, बुनाइ गर्ने आदि ।<br>ख) विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरू–आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसा/व्यवसायको नाम बताई दिने,<br>ग) स्थानीय मानिसहरुले गर्ने उद्यमशीलताबाट बनाइएका सामानहरु राडि, पटुका, टोपी, बख्खु, चयोयाबाट बुनेका सामानहरु डोको, डालो, नाङलोहरुको फोटोसहित देखाउने<br>घ) घरमा चामल बनाउन प्रयोग गरिने ओखलको बारेमा बताउने यस्ता खालका अन्य पुराना प्रविधिहरु, तेल पेल्ने, दुधबाट घिउ बनाउने छुर्पी बनाउने परम्परागत प्रविधिहरुको परिचय गराउने | ब्रोसर, पोस्टर, भिडियो<br>ख) स्थानीय प्रविधिहरुको फोटो सहितको सूची | ख) राडि बुनिरहेको चित्र देखाएर कुन उद्यम हो सोध्ने<br>ग) स्थानीय प्रविधि र तिनको प्रयोग बारे भन्न लगाउने<br>घ) यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ । | |
| स्वास्थ्य र सरसफाइ | क) शरीरका अङ्गको सरसफाइ गर्न<br>ख) व्यक्ति सरसफाइको लागी आवश्यक सामग्रीको नाम भन्न<br>ग) आफुले खाने खानाको नाम भन्न<br>घ) स्थानीय खेल खेल मार्फत शारीरिक व्यायाम गर्न | क) शरीरका अङ्गहरूको सरसफाइको परिचय<br>ख) खानाहरु<br>ग) कुनै दुई स्थानीय खेल | क) नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ<br>ख) सरसफाइका सामाग्री ब्रस, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग<br>ग) स्थानीय खानाहरु<br>घ) कुनै दुई स्थानीय खेल : तरिका र उपयोग | क) सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने<br>ख) बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>ग) सर सफाइका सामाग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने<br>घ) खाना किन खानु पर्छ भन्ने सोध्ने ? खाना नखादाँ के हुन्छ ? | क) सफा र फोहोर बालकको तस्बिर<br>ख) सर सफाइका सामग्रीहरू<br>ग) सफा र फोहोर घर, विद्यायलयको फोटोपोस्टर, चित्र, चार्ट<br>अन्य सान्दर्भिक सामग्री प्रयोग गर्न सकिनेछ । | क) शरीर सरसफाइ गर्नका कारण विद्यार्थीहरूलाई भन्न लगाउने<br>ख) ब्रस, मन्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गर्ने<br>ग) खाना किन खानु पर्छ? भोकै बसेको दिन कस्तो महसुस हुन्छ ? | १५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | छलफल गर्दै र खानाको आवश्यकता तथा परिचय दिने<br>ङ) कक्षाकोठा र विद्यालय सरसफाइ गर्ने<br>च) सक्रियतापूर्वक खेल खेल्ने<br>यी र यस्तै अन्य उपयुक्त क्रियाकलाप गराउन सकिनेछ। | | यी र यस्तै उपयुक्त प्रश्न वा विधि मार्फत मुल्याङ्कन गर्न सकिनेछ। | |
| प्रकोप, प्रकोप व्यवस्थापन | क) गाउँपालिका भित्रको हावा पानीको परिचय दिन | क) प्रकोपको परिचय<br>ख) स्थानीय स्तरमा देखा परिरहेका प्रकोपहरु | क) प्रकोपको परिचय<br>ख) स्थानीय स्तरमा देखा परिरहने प्रकोपहरुः पहिरो, आगलागी, सडक दुर्घटना, भुकम्प | क) स्थानीय स्तरमा हुने गरेका बाढी पहिरो आगलागी हावाहुरी आदिको अनुभव आदान प्रदान गर्दै प्रकोप र स्थानीय स्तरमा भएका प्रकोपहरुको जानकारी दिने<br>ख) प्रत्येक प्रकोपको बारेमा छुट्टा छुट्टै परिचयात्मक क्रियाकलाप गराउने | क) विभिन्न प्रकोपको सामना गरिएको चित्र, फोटो, भिडियो | क) प्रकोप भनेको के हो ?<br>ख) प्रकोपको सामना गर्नु परेको छ कि छैन?<br>ग) तिम्रो समुदायमा बारम्बार हुने प्रकोपको घटनाको नम भन<br>यी र यस्ते उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ । | १० घण्टी |

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | क) आफ्नो वडाको सामान्य परिचय दिन<br>ख) गाउँपालिकाको नाम, वडासङ्ख्या र आफू बस्ने वडाको जनसंख्या बताउन<br>ग) वडा भित्रका मुख्य मानव वस्तिहरुको बारेमा बताउन | क) आफू, आफ्नो वडाको परिचय र जनसंख्यात्मक अवस्था<br>ख) गाउँपालिकाको सामान्य परिचय<br>ग) वडाको मुख्य मानव वस्ति | क) आफ्नो वडा कार्यालयको परिचय<br>ख) जनसंख्याको अवस्था<br>ग) गाउँपालिकाको नाम र मुख्य मानव बस्तिहरुको नाम | १. विद्यार्थीलाई आफु र आफ्नो परिचय गराउँदै वसोबास गरेको वडाको पनि परिचय गराउने<br>२. वडा भित्रका सबैको परिवारमा भएका मानिसको संख्या जोडेर वडाको जनसंख्या निकाल्न सकिने कुराको जानकारी दिदै वडाको जनसंख्यात्मक अवस्थाबारेमा बताउने<br>३. गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडासङ्ख्या भन्न लगाउने | क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>ख) व्यक्तिगत तथा पारिवारिक पेसा जनाउने चित्र<br>ग) वडा सङ्ख्या सहितको गाउँपालिकाको नक्सा वा चित्र<br>घ) श्रव्यदृश्य सामग्री | १. आफ्नो वडाको सामान्य परिचय दिन लगाउने<br>२. वडाको जनसंख्यात्मक अवस्था बताउन लगाउने<br>३. वडाका विभिन्न वस्तिहरुको चित्र बनाउन लागउने<br>४. प्रश्नोत्तर तथा अन्य सन्दर्भमा गाउँपालिकाको नाम, वडासङ्ख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने। | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | ५. फरक फरक गाउँबाट विद्यालयमा विद्यार्थीहरु आएका विद्यार्थीहरुलाई आफ्नो परिचय दिन लगाइ वडा भित्रका विभिन्न वस्तिहरुको बारेमा जानकारी गराउने<br>६. सूचना प्रविधिका साधन उपयोग गरी गाउँपालिकाको सामान्य परिचय दिने सामग्री प्रस्तुत गर्ने<br>यी र यस्तै अन्य विधिहरुको प्रयोग गर्न सकिनेछ। | | यि र यस्तै अन्य उपयुक्त विधिबाट विद्यार्थीको मूल्याङ्कन गर्ने | |
| हाम्रो प्राकृतिक स्रोत र संम्पदा | क) आफ्नो वासस्थान वरपर रहेका कुण्डको अवलोकन भ्रमण गरी अवस्थिति बताउन<br>ख) वासस्थान नजिकै रहेका गुम्बाहरुको नाम भन्न तथा अवस्थिति बताउन<br>ग) वासस्थान नजिकै रहेका खोला वा नदीका बारेमा छोटकरीमा बताउन<br>घ) घरनजिकै रहेको डाँडामा रहेका कुरा बताउन<br>ङ) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवा तथा जडिबुटीको नाम सोध्न र चिनेकाको नाम भन्न | क) प्राकृतिक स्रोतहरुः कुण्ड, खोला, डाँडा, वन जंगल<br>ख) स्थानीय सम्पदाः गुम्बा तथा छुर्तेनहरु | क) स्थानीय जल स्रोत, कुण्ड, खोला<br>ख) स्थल स्रोत खेतबारी, चउर, मैदान, वनजङ्गल, सामुदायिक वन, डाँडाकाँडा<br>ग) गुम्बा तथा छुर्तेनहरु | क) विद्यालय नजिकै रहेको कुण्ड, खोला डाँडाको तस्बिर, फोटा वा चित्र निर्माण गरी प्रदर्शन गर्ने।<br>ख) विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका कुण्ड, खोला, वन जंगल डाँडाको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने परिचय दिने त्यस्ता स्थानमा जाँदा अपनाउनु पर्ने सावधानी बताउने (पार्वतीकुण्ड, गोप्पोकुण्ड, डिल्पु कुण्ड, चिलिमे खोला, पार्वतीकुण्ड खोला, साङजेन खोला, भोटेकोशि नदि, वा विद्यालय नजिकै रहेका अन्य खोलाहरु)<br>ग) स्थलगत अध्ययन भ्रमणका क्रममा तातोपानी, कुण्ड, खोला र नदीको विशेष नाम भए नामसँग परिचित गराउने<br>घ) घरनजिकै रहेको खेतबारी, चउर र डाँडाको अवलोकन भ्रमण गराउने, भ्रमण गराउँदा स्थानीय जडिवुटीहरु, जस्तै : चिराइतो, टिमुर, तेजपत्ता वा स्थानीय स्तरमा पाइने अन्य जडिबुटीहरु | क) सान्दर्भिक तस्बिर वा चित्र<br>ख) श्रव्यदृश्य सामग्री | १. कुण्ड, खोला र नदी, जडिबुटीका चित्र प्रदर्शन गरी नाम भन्न लगाउने<br>२. कुण्ड, खोला र नदी वन जंगलमा जाँदा अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. बसोबास गरेको गाउँमा रहेको गुम्बा तथा छुर्तेनको परिचय दिन लगाउने | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | ङ) अभिभावक तथा शिक्षकसँग नजिकैको वन घुमी त्यहाँ रहेको नचिनेका बोटबिरुवाको नाम सोध्न र चिनेकाको नाम भन्न लगाउने । अवलोकनपछि थाहा पाएका बोटबिरुवाका नाम समेटिएको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने)<br>च) विद्यालय रहेको गाउँमा भएको वा गाउँ नजिकै भएको गुम्बाको परिचय दिनको लागि स्थलगत भ्रमण गराउने वा फोटो देखाउने वा विद्यार्थीहरुबाट भन्न लगाउने<br>छ) सूचना प्रविधिको उपयोग गरी सान्दर्भिक सङ्कलन र प्रदर्शन गर्ने, | | | |
| हाम्रो संस्कार र संस्कृति | क) स्थानीय रूपमा मनाइने मुख्य चाडपर्वको सूची बनाउन<br>ख) स्थानीय भेष भुषाको बारेमा बताउन<br>ग) मेला र जात्राको नाम भन्न<br>घ) स्थानीय बाजाहरुको नाम भन्न | क) स्थानीय चाडपर्वको परिचय<br>ख) स्थानीय स्तरमा बिभिन्न जातजातिहरूले मनाउने चाडपर्वहरू<br>ग) भेषभुषा<br>घ) स्थानीय जात्रा मेला<br>ङ) स्थानीय जात्रा पर्व मेलामा बजाइने बाजा | क) दसैँ, तिहार र ल्होसारको परिचय<br>ख) दसैँ, तिहार र ल्होसारमा लगाउने लुगा र खानेकुराको नाम<br>ग) तामाङ भेषभुषा<br>घ) माने जात्रा पार्वतीकुण्ड मेला | क) आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउने<br>ख) दसैँ, तिहार र ल्होसारमा स्थानीय अग्रजहरुले गाएको गाना नक्कल गरी गाउन लगाउने<br>ग) दसैँ, तिहार र ल्होसारसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, भिडियो देखाई छलफल गराउने<br>घ) विभिन्न समयमा लगाउने भेषभुषाका बारेमा छलफल गराउने सधै एउटै नलगाउनुको कारण सोध्ने | क) दसैँ, तिहार र ल्होसारमा गाउने गीत र बाजा<br>ख) दसैँ, तिहार र ल्होसारसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र भिडियो<br>ग) विभिन्न भेषभुषा लगाएको स्थानीयको चित्र | क) आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने<br>ख) चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउने<br>ग) चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउने<br>घ) स्थानीय बाजाहरुको नाम भन्न लगाउने | ४० घण्टी |
| ऐतिहासिक र पर्यटकीय स्थल | गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | ऐतिहासिक र पर्यटकीय स्थल | गाउँपालिकामा भएका पर्यटकीय स्थलहरु तामाङ सम्पदा मार्ग, कालो गाउँ, छमकङ डाँडा, खुर्पु भन्ज्याङ, पार्वतीकुण्ड, | क) विद्यालय वरपर रहेको ऐतिहासिक स्थलको अवलोकन भ्रमण गराउने र त्यसपश्चात ऐतिहासिक | विद्यालय रहेको क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको चित्र पोष्टर भिडियो | क) पर्यटकीय क्षेत्र भनेको के हो ?<br>ख) तिम्रो वडामा ऐतिहासिक स्थल छन् कि छैनन छन् भने नाम भन<br>ग) तिमी कस्तो अवस्थामा पर्यटकको रुपमा चिनिन्छौ ? | २५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | साङजेन भ्याली सोमदाङ भ्याली, प्राकृतिक तातोपानी मध्येबाट<br>ऐतिहासिक स्थलः घले दरबार, नेवार दरबार | स्थलको परिचयको बारेमा छलफल गर्ने<br>ख) गाउँमा स्वदेशी/विदेशी मान्छे केहि आएको देखे नदेखेको बारेमा छलफल गर्दै पर्यटकको जानकारी दिने<br>ग) आफ्नो गाउँभित्र घुम्नु परेमा कुन ठाउँमा जाने गरिन्छ सोध्ने र त्यस्ता ठाउँको बिशेषता छलफल गर्ने<br>घ) गाउँपालिका भित्रका ऐतिहासिक पर्यटकीय स्थलहरुको क्षेत्र भ्रमण गराउने वा भिडियोहरु देखाइ परिचय गराउने | | | |
| स्थानीय पेसा उद्यमशीलता र प्रविधि | क) आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन<br>ख) आफ्नो छिमेकका मानिसले गर्नेपेसाहरू बताउन<br>ग) स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउन | स्थानीय मुख्य परम्परागत पेसाको परिचय<br>उद्यमशिलताको परिचय<br>पुराना प्रविधहरुको परिचय | क) आफ्नो परिवारका सदस्यहरू– आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू<br>ख) आफ्नो घर वा छिमेकका मानिसहरू गर्ने उद्यमबाट बनाइएका सामानहरु ऊन, राडि, टोपी , चोयाबाट बनाइएका सामानहरु मान्द्रो, डोको, डालो<br>ग) पुराना प्रविधिहरु ओखलमा धान कुटने प्रविधि | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने, , जस्तै : खेतीमा काम गर्ने, पशुपालन गर्ने, बुनाइ गर्ने आदि<br>ख) विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरू– आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसा/व्यवसायको नाम बताई दिने,<br>ग) स्थानीय मानिसहरुले गर्ने उद्यमशीलताबाट बनाइएका सामानहरु राडि, पटुका, टोपी, बख्खु, चयोयाबाट बुनेका सामानहरु डोको, | ग) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>घ) स्थानीय प्रविधिहरुको फोटो सहितको सूची | ङ) आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने।<br>च) राडि बुनिरहेको चित्र देखाएर कुन उद्यम हो सोध्ने<br>छ) स्थानीय प्रविधि र तिनको प्रयोग बारे भन्न लगाउने<br>ज) यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ। | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | डालो, नाङलोहरुको फोटोसहित देखाउने<br>घ) घरमा चामल बनाउन प्रयोग गरिने ओखलको बारेमा बताउने यस्ता खालका अन्य पुराना प्रविधिहरु, दुधबाट घिउ बनाउने छुर्पी बनाउने परम्परागत प्रविधिहरुको परिचय गराउने | | | |
| पोषणयुक्त खाना स्वास्थ्य र व्यक्तिगत तथा वातावरणीय सरसफाइ, व्यायाम, योग तथा ध्यान | क) शरीरका अङ्गको सरसफाइ गर्न<br>ख) व्यक्ति सरसफाइको लागी आवश्यक सामग्रीको नाम भन्न<br>ग) पोषणयुक्त खानाको आवश्यकताका बारेमा भन्न<br>घ) स्थानीय खेल खेल मार्फत शारीरिक व्यायाम गर्न | क) शरीरका अङ्गहरूको सरसफाइको परिचय<br>ख) खानाहरु<br>ग) कुनै दुई स्थानीय खेल | क) नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ<br>ख) सरसफाइका सामाग्री ब्रस, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग<br>ग) स्थानीय खानाहरु<br>घ) कुनै दुई स्थानीय खेल : तरिका र उपयोग | क) सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>ख) कोहि मान्छे मोटो र कोही दुब्लो किन हुन्छ? छलफल गर्ने पोषणयुक्त खाना खाने मान्छे निरोगी र हृष्टपुष्ट हुने बारेमा विद्यार्थीहरु बीच छलफल गराउदै पोषणयुक्त खानाको आवश्यकता तथा परिचय दिने<br>ग) सक्रियतापूर्वक खेल खेल्ने | क) सफा र फोहोर बालकको तस्बिर<br>ख) सर सफाइका सामग्रीहरू<br>ग) सफा र फोहोर घर, विद्यायलयको फोटोपोस्टर, चित्र, चार्ट<br>अन्य सान्दर्भिक सामग्री प्रयोग गर्न सकिनेछ। | क) शरीर सरसफाइ गर्नका कारण विद्यार्थीहरूलाई भन्न लगाउने<br>ख) ब्रस, मन्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गर्ने<br>ग) खाना किन खानु पर्छ? भोकै बसेको दिन कस्तो महसुस हुन्छ ?<br>यी र यस्तै उपयुक्त प्रश्न वा विधि मार्फत मुल्याङ्कन गर्न सकिनेछ । | १५ घण्टी |
| प्रकोप, प्रकोप व्यवस्थापन | क) प्रकोपको परिचय दिन<br>ख) स्थानीय स्तरमा भई रहेका प्रकोपको सूची तयार गर्न | क) प्रकोपको परिचय<br>ख) स्थानीय स्तरमा देखा परिरहेका प्रकोपहरु | क) प्रकोपको परिचय<br>ख) स्थानीय स्तरमा देखा परिरहने प्रकोपहरुः पहिरो, आगलागी, सडक दुर्घटना, भुकम्प | क) स्थानीय स्तरमा हुने गरेका बाढी पहिरो आगलागी हावाहुरी आदिको अनुभव आदान प्रदान गर्दै प्रकोप र स्थानीय स्तरमा भएका प्रकोपहरुको जानकारी दिने<br>ख) प्रत्येक प्रकोपको बारेमा छुट्टा छुट्टै परिचयात्मक क्रियाकलाप गराउने | विभिन्न प्रकोपको सामाना गरिएको चित्र, फोटो, भिडियो | क) प्रकोप भनेको के हो ?<br>ख) प्रकोपको सामना गर्नु परेको छ कि छैन?<br>ग) तिम्रो समुदायमा बारम्बार हुने प्रकोपको घटनाको नम भन<br>यी र यस्ते उपयुक्त विधिबाट मूल्याङकन गर्न सकिनेछ। | ११ घण्टी |

## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | क) गाउँपालिकाको भौगोलिक र हावापानीको बारेमा वर्णन गर्न<br>ख) गाउँपालिकाको जनसंख्यात्मक अवस्था प्रस्तुत गर्न<br>ग)गाउँपालिकाको मुख्य मानववस्तिहरुको परिचय दिन | क)गाउँपालिकाको भौगोलिक अवस्था तथा हावापानी<br>ख)गाउँपालिकाको जनसंख्यात्मक वितरण<br>ग) मुख्य मानव वस्ति | क)गाउँपालिकाको भौगोलिक अवस्था तथा हावापानी<br>ख)गाउँपालिकाको जनसंख्यात्मक वितरण<br>ग) मुख्य मानव वस्ति | क) आमाछोदिङमो गाउँपालिकाको भौगोलिक बनावट पहाड र अग्ला भिरहरु अत्याधिक रहेको समथर फाँटहरु कम रहेको बारेमा विद्यालय वरपरको भुगोलको अवलोकन गर्न लगाई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने<br>ख) गाउँपालिकाको हावापानीका बारेमा विद्यार्थीहरुसँग छलफल गर्ने अन्य गाउँपालिकामा गएको बेला हुने जाडो गर्मीको अनुभव आदान प्रदान गरी गाउँपालिकाको हावापानीका बारेमा प्रष्टाउने<br>ग) आमाछोदिङमो गाउँपालिकाको पार्शवचित्र देखाउदै त्यसमा उल्ख भएको जनसंख्यातमक अवस्थाको बारेमा जानकारी गराउने। | गाउँपालिकाको वेवसाइट, पार्श्वचित्र, विभिन्न समयमा रेकर्ड गरिएका तापक्रम, गाउँपालिकाको बस्तिहरुको फोटो भिडियो | क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूहकार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने<br>घ) लिखित अभ्यास गर्न लगाउने | २० घण्टी |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | क) प्राकृतिक स्रोतको वितरणको अवस्था अवलोकन गरी त्यसको चित्रण र प्रस्तुति गर्न<br>ख) प्राकृति स्रोतको महत्व बोध गरी मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्न<br>ग) अभिभावक, शिक्षक वा अन्य जानकार व्यक्तिको सहयोग लिई स्थानीय सम्पदाका बारेमा जानकारी हासिल गरी छोटकरी बताउन<br>घ) स्थानीय सम्पदाको महत्व बोध गरी बुँदागत रूपमा प्रस्तुत गर्न | क) प्राकृतिक स्रोतहरु<br>ख) स्थानीय सम्पदा | क) प्राकृतिक स्रोतको वितरणको अवस्था<br>ख) प्राकृतिक स्रोतको महत्व<br>ग) स्थानीय सम्पदाकोहरु गुम्बा, मन्दिर तथा छुर्तेनहरुको परिचय तथा महत्व | क) आमाछोदिङमो गाउँपालिकाका प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने । उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने।<br>ख) कक्षामा छलफल गरिएका स्रोतअनुसार विद्यार्थीको समूह निर्माण गरी स्थलगत अध्ययन भ्रमण गर्न र सोका आधारमा प्रतिवेदनका लागि परियोजना कार्य प्रदान गर्ने । यसका लागि विद्यार्थी आफ्नो पायक पर्ने स्थानका स्रोत वा भिन्न स्थानका स्रोत वा मिश्रित हुने गरी विद्यार्थीको समूह बनाई समूहमा काम गर्न उत्प्रेरित गर्ने | क) सान्दर्भिक तस्बिर वा चित्र<br>ख) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्म विश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यासको मूल्याङ्कन गर्न लगाएर | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | ग) समूहको प्रतिवेदनलाई समेटी शिक्षकले आमाछोदिङमो गाउँपालिकाभित्रको प्राकृतिक स्रोत अवस्था पुन: बताइदिने<br>घ) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवन शैलीका लागि प्राकृतिक स्रोतको महत्व बताई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने । छलफल तथा प्रश्नोत्तरलाई मौखिक तथा मौखिक दुवै रूपमा अभ्यास गराउने । उक्त अभ्यासका उत्पादनलाई स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन तथा समूह मूल्याङ्कन गर्ने वा गराउने अवसर प्रदान गर्ने<br>ङ) आमाछोदिङमो गाउँपालिकाका स्थानीय सम्पदाका विभिन्न सामग्री वितरण वा प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्ने लगाउने<br>च) विद्यार्थीको पूर्वज्ञान, अनुभव र अध्ययन गरिएका सामग्रीका आधारमा स्थानीय सम्पदाको मौलिक परिचय निर्माण तथा प्रस्तुत गर्न सहयोग गर्ने<br>छ) परिचय निर्माणका क्रममा आएका विषयवस्तु समेटी यसको महत्व सम्बद्ध विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>ज) उल्लिखित कार्य गर्दा सूचना प्रविधिलाई माध्यमका रूपमा उपयोग गरी उपलब्ध श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने । विषयवस्तुलाई थप स्पष्ट पार्न आवश्यकतानुसार सामग्री निर्माण र प्रयोग पनि गर्ने गराउने | | | |
| हाम्रो संस्कार र संस्कृति | क) स्थानीय रूपमा मनाइने मुख्य चाडपर्वको महत्व बनाउन<br>ख) स्थानीय भेष भुषाको महत्वको बारेमा बताउन<br>ग) मेला र जात्राको महत्व भन्न | क) स्थानीय चाडपर्वको परिचय तथा महत्व<br>ख) स्थानीय स्तरमा बिभिन्न जातजातिहरूले मनाउने | क) दसैं, तिहार र ल्होसारको परिचय तथा महत्व<br>ख) दसैं, तिहार र ल्होसारमा लगाउने लुगा र खानेकुराको नाम<br>ग) तामाङ भेषभुषा | क) दशैं, तिहार र ल्होसार जस्ता चाडपर्वको ऐतिहासिकता, मौलिकता र महत्वको बारेमा स्थानीय अग्रजहरुसँग छलफल तथा अन्तरक्रिया गर्न लगाउने<br>ख) विशेष चाडपर्वमा, सुख दुखमा बजाइने बाजा र गाइने गीतहरुको सम्बन्धमा स्थानीय कलाकारहरुसँग सोधुपुछ गरी ति | क) अवलोकन भ्रमण गराउने<br>ख) चित्र, भिडियो, बाजा पोस्टर<br>ग) पावर पोइन्ट स्लाइड | क) स्थानीय रूपमा मनाइने जात्रा, चाडपर्व र मेलाको नाम तथा महत्व भन्न लगाउने<br>ख) मानि जात्राको अवलोकन गरी जात्राका बारेमा भन्न लगाउने | ४० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | घ) स्थानीय बाजाहरुको नाम भन्न | चाडपर्वहरूको महत्व<br>ग) भेषभुषा<br>घ) स्थानीय जात्रा मेला<br>ङ) स्थानीय जात्रा पर्व मेलामा बजाइने बाजा | घ) माने जात्रा पार्वतीकुण्ड मेला | गाना तथा बाजाहरुको महत्वको बारेमा कक्षाककोठँमा प्रस्तुतीकरण गर्न लागउने<br>ग) विभिन्न समयमा लाग्ने मेला तथा जात्राहरु मनाउदा हुने फाइदा र मनाउने पौराणिक चलनहरुको बारेमा अग्रजहरुसँग छलफल गरी प्राप्त जानकारी साथीहरुसँग आदानप्रदान गर्ने<br>घ) विभिन्न समयमा लगाउने भेषभुषाका महत्वको स्थानीय अग्रजहरुसँग छलफल सोधखोज गरी प्रतिवेदन तयार गर्न लगाउने | | ग) पार्वतीकुण्ड मेलाको बारेमा भएका किम्वदन्तिहरु भन्न लगाउने<br>घ) स्थानीय भेषभुषा र बाजा तथा गानाहरुको महत्व बताउन लगाउने | |
| ऐतिहासिक र पर्यटकीय तथा धार्मिक स्थल | गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलको महत्व भन्न | क) ऐतिहासिक र पर्यटकीय स्थल | गाउँपालिकामा भएका पर्यटकीय स्थलहरु तामाङ सम्पदा मार्ग, कालो गाउँ, छमकङ डाँडा, खुर्पु भन्ज्याङ, पार्वतीकुण्ड, साङजेन भ्याली सोमदाङ भ्याली, प्राकृतिक तातोपानी मध्येबाट<br>क) ऐतिहासिक स्थलः घले दरबार, नेवार दरबार | क) विद्यालय वरपर रहेको ऐतिहासिक स्थलको अवलोकन भ्रमण गराउने र त्यसपश्चात ऐतिहासिक स्थलको महत्वको बारेमा छलफल गर्ने<br>ख) ऐतिहासिक स्थलको चित्र तथा भिडियोहरु देखाउने<br>ग) गाउँमा पर्यटक आँउदाको फाइदाका बारेमा छलफल गर्ने<br>घ) पर्यटकीय क्षेत्रहुनुको फाइदाहरु स्थानीय अग्रजसँग छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्ने<br>ङ) गाउँपालिका भित्र रहेको घले दरबार र नेवार दरबार सम्बन्धी बुढापाको भनाइ संकलन गरी कक्षाकोठामा प्रस्तुत गराउने | विद्यालय रहेको क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको चित्र पोष्टर भिडियो | क) पर्यटकीय क्षेत्रको के महत्व छ ?<br>ख) तिम्रो वडामा ऐतिहासिक स्थल छन् कि छैनन छन् भने तिनीहरुको के कस्तो महत्व रहेको छ ?<br>ग) घले दरबार र नेवार दरबारबारे स्थानीय अग्रजले सुनाएको कुराको आधारमा छोटो कथा तयार पार्न लगाउने | २५ घण्टी |
| पेसा उद्यमशीलता र प्रविधि | क) आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा को महत्व बताउन<br>ख) उद्यमशीलताको परिचय तथा महत्वको बारेमा बताउन<br>ग) गाउँपालिका भित्रका पुराना प्रविधिको | स्थानीय मुख्य परम्परागत पेसाको महत्व<br>उद्यमशिलताको महत्व<br>पुराना प्रविधहरुको महत्व | क) आफ्नो परिवारका सदस्यहरू–आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरूको महत्व<br>ख) आफ्नो घर वा छिमेकका मानिसहरू गर्ने उद्यमबाट बनाइएका सामानहरु ऊन, राडि, टोपी , | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको महत्वको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने,<br>ख) स्थानीय मानिसहरुले गर्ने उद्यमशीलताबाट बनाइएका सामानहरु राडि, पटुका, टोपी, बख्खु, चयोयाबाट बुनेका सामानहरु डोको, डालो, नाङलोहरुको फोटोसहित देखाउने र | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>ख) स्थानीय प्रविधिहरुको फोटो सहितको सूची | क) कामको महत्व बताउन लगाउने।<br>ख) स्थानीय उद्यमशीलताको महत्वको बारेमा सोध्ने<br>ग) स्थानीय प्रविधि र तिनको प्रयोग बारे भन्न लगाउने | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | महत्वको बारेमा बताउन | | चोयाबाट बनाइएका सामानहरु मान्द्रो, डोको, डालो बुन्नुको महत्व<br>ग) पुराना प्रविधिहरु ओखलमा धान कुटने प्रविधिको महत्व | तिनीहरुको उत्पादनबाट हुने पाइदाको बारेमा छलफल गराइ महत्वबोध गराउने<br>क) स्थानीय पानी घट्ट बारेमा बताउने यस्ता खालका अन्य पुराना परम्परागत प्रविधिहरुको महत्वको बारेमा छलफल गराउने | | घ) यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ। | |
| पोषणयुक्त खाना स्वास्थ्य र व्यक्तिगत तथा वातावरणीय सरसफाइ, व्यायाम, योग तथा ध्यान | क) शरीरका अङ्गको सरसफाइ गर्न<br>ख) व्यक्ति सरसफाइको लागी आवश्यक सामग्रीको हिफाजत गर्ने तरिका बताउन<br>ग) सन्तुलित भोजनको परिचय उदाहरण सहित दिन<br>घ) स्थानीय खेल खेल मार्फत शारीरिक व्यायाम गर्न | क) शरीरका अङ्गहरूको सरसफाइको परिचय<br>ख) सन्तुलित भोजन<br>ग) कुनै दुई स्थानीय खेल | क) नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ र सरसफाईको महत्व<br>ख) सरसफाइका सामाग्री ब्रस, मञ्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग<br>ग) स्थानीय खानाहरु<br>घ) कुनै दुई स्थानीय खेल : तरिका र उपयोग | क) सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने<br>ख) बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने र सरसफाईको महत्व बुझाउने<br>ग) विद्यार्थीहरुसँग भएका व्यक्तिगत सामाग्रीहरुको सूची बनाउन लगाउने र त्यसको हिफाजन गर्ने तरिकाका बारेमा छलफल गर्ने<br>घ) विद्यार्थीहरुले विहान खाएको खाना दिउसो विद्यालयमा खाएको दिवा खाजामा केके खाएका थिए छलफल गर्दै विषय पर्वेश गर्ने सन्तुलित भोजनको परिचय र आवश्यकताका बारेमा बताउने<br>ङ) सक्रियतापूर्वक खेल खेल्ने र त्यसले शरीरमा हुने व्यायाम र व्यायाम गर्नुको महत्व छलफल गराउने | क) सफा र फोहोर बालकको तस्बिर<br>ख) सफा र फोहोर घर, विद्यायलयको फोटोपोस्टर, चित्र, चार्ट<br>ग) सन्तुलित भोजनको फोटो भिडियो<br>अन्य सान्दर्भिक सामग्री प्रयोग गर्न सकिनेछ। | क) शरीर सरसफाइ गर्नका महत्व विद्यार्थीहरूलाई भन्न लगाउने<br>ख) व्यक्तिगत सामान केके हुन तिनीहरुको कसरी हिफाजत गर्न सकिन्छ भन्न लगाउने<br>ग) सन्तुलित आहार किन खानु पर्छ? सन्तुलित आहार नखाँदा के हुन्छ ?<br>यी र यस्तै उपयुक्त प्रश्न वा विधि मार्फत मुल्याङ्कन गर्न सकिनेछ। | १५ घण्टी |
| प्रकोप, प्रकोप व्यवस्थापन | क) प्रकोपहुने कारण बताउन<br>ख) स्थानीय स्तरमा भई रहेका प्रकोपका घटनाहरुको कारण बताउन | ग) प्रकोपको कारण<br>घ) स्थानीय स्तरमा देखा परिरहेका प्रकोपका घटनाहरु | ग) प्रकोपको कारण<br>घ) स्थानीय स्तरमा देखा परिरहने प्रकोपहरुः पहिरो, आगलागी, सडक दुर्घटना, भुकम्प | क) स्थानीय स्तरमा हुने गरेका बाढी पहिरो आगलागी हावाहुरी आदिको अनुभव आदान प्रदान गर्दै प्रकोप र स्थानीय स्तरमा भएका प्रकोपका घटनाको कारणका बारेमा छलफल गराउने<br>ख) प्रकोप भएका स्थलहरुको अवलोकन भ्रमण गराउने<br>क) प्रत्येक प्रकोपको कारणका बारेमा छुट्टा छुट्टै छलफल गराउने क्रियाकलाप गराउने | विभिन्न प्रकोपको सामाना गरिएको चित्र, फोटो, भिडियो<br>अवलोकन भ्रमण प्रतिवेदन | क) प्रकोपका घटना हुनुका कारण के हुन सक्छन् ?<br>ख) तिम्रो समुदायमा बारम्बार हुने प्रकोपको घटनाको नाम र ति घटना हुनुका सम्भावित कारणहरु केके हुन सक्छन् ?<br>यी र यस्ते उपयुक्त विधिबाट मूल्याङकन गर्न सकिनेछ। | ११ घण्टी |

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | क) गाउँपालिकाको भू बनावट र क्षेत्रफलको बारेमा वर्णन गर्न<br>ख) गाउँपालिकामा बसोबास गर्ने विभिन्न धर्मावलम्बीहरुको जनसंख्यात्मक अवस्था बताउन<br>ग)गाउँपालिकाको मुख्य मानववस्तिहरुको परिचय दिन | क)गाउँपालिकाको भू बनावट र क्षेत्रफल<br>ख)गाउँपालिकामा बसोबास गर्ने विभिन्न धर्मावलम्बीहरुको जनसंख्यात्मक वितरण<br>ग) मुख्य मानव वस्ति | क)गाउँपालिकाको भू बनावट र क्षेत्रफल<br>ख)गाउँपालिकामा बसोबास गर्ने विभिन्न धर्मावलम्बीहरुको जनसंख्यात्मक वितरण<br>ग) मुख्य मानव वस्ति | क) आमाछोदिङमो गाउँपालिकाको भू बनावट गाउँपालिकाको क्षेत्रफलको बारेमा गाउँपालिकाको नक्सा तथा पार्श्व चित्र र वेवसाइटहरुमा खोजी गरी कक्षा कोठामा छलफल गराउने<br>ख) विद्यार्थीहरुको गाउँ तथा टोलमा रहेका मानिसहरुले मान्ने  धर्महरु एउटै भएको वा नभएको बरेमा छलफल गराउने यसरी फरक धर्मा मान्ने मानिसहरुको संख्यात्मक अवस्थालाई गाउँपालिकाको पार्श्वचित्रको आधारमा जानकारी संकलन गर्न<br>ग) मुख्य मानव वस्तीहरुको बारेमा छलफलर गर्ने | गाउँपालिकाको वेवसाइट, पार्श्वचित्र, विभिन्न समयमा रेकर्ड गरिएका तापक्रम, गाउँपालिकाको बस्तिहरुको फोटो भिडियो | क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूहकार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने<br>घ) लिखित अभ्यास गर्न लगाउने | २० घण्टी |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | क) प्राकृतिक स्रोतको वितरणको अवस्था अवलोकन गरी त्यसको चित्रण र प्रस्तुति गर्न<br>ख) प्राकृति स्रोतको संरक्षणका उपायहरु बताउन<br>ग) स्थानीय सम्पदाको संरक्षणमा सहभागी हुन तथा संरक्षणको बारेमा बताउन | क) प्राकृतिक स्रोतहरु<br>ख) स्थानीय सम्पदाहरु | क) प्राकृतिक स्रोतको वितरणको अवस्था<br>ख) प्राकृतिक स्रोतको संरक्षण<br>ग) स्थानीय सम्पदाकोहरु गुम्बा, मन्दिर तथा छुर्तेनहरुको महत्व तथा संरक्षण | क) आमाछोदिङमो गाउँपालिकाका प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने। उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने। नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने।<br>ख) कक्षामा छलफल गरिएका स्रोतअनुसार विद्यार्थीको समूह निर्माण गरी स्थलगत अध्ययन भ्रमण गर्न र सोका आधारमा प्रतिवेदनका लागि परियोजना कार्य प्रदान गर्ने । यसका लागि विद्यार्थी आफ्नो पायक पर्ने स्थानका स्रोत वा भिन्न स्थानका स्रोत वा मिश्रित हुने गरी विद्यार्थीको समूह बनाई समूहमा काम गर्न उत्प्रेरित गर्ने | क) सान्दर्भिक तस्बिर वा चित्र<br>ख) श्रव्यदृश्य सामग्री | १. प्राकृतिक सम्पदाको संरक्षण किन गर्नु पर्दछ ?<br>२. व्यक्तिगत र सामूहिक रुपमा विद्यार्थीहरुको व्यवहारको सुक्ष्म अवलोकन गर्ने<br>३.  व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | ग) समूहको प्रतिवेदनलाई समेटी शिक्षकले आमाछोदिङमो गाउँपालिकाभित्रको प्राकृतिक स्रोत अवस्था र तिनीहरुको संरक्षणका बारेमा छलफल गर्ने<br>घ) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवन शैलीका लागि प्राकृतिक स्रोतको महत्व बताई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने। छलफल तथा प्रश्नोत्तरलाई मौखिक तथा मौखिक दुवै रूपमा अभ्यास गराउने। उक्त अभ्यासका उत्पादनलाई स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन तथा समूह मूल्याङ्कन गर्ने वा गराउने अवसर प्रदान गर्ने<br>ङ) आमाछोदिङमो गाउँपालिकाका स्थानीय सम्पदाका विभिन्न सामग्री वितरण वा प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्ने लगाउने<br>च) विद्यार्थीको पूर्वज्ञान, अनुभव र अध्ययन गरिएका सामग्रीका आधारमा स्थानीय सम्पदाको महत्व र संरक्षणको सम्बन्धमा विद्यार्थीहरु कसरी सहभागी हुन सक्छन् समूहगत रुपमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्ने<br>छ) उल्लिखित कार्य गर्दा सूचना प्रविधिलाई माध्यमका रूपमा उपयोग गरी उपलब्ध श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने।<br>विषयवस्तुलाई थप स्पष्ट पार्न आवश्यकतानुसार सामग्री निर्माण र प्रयोग पनि गर्ने गराउने | | | |
| हाम्रो संस्कार र संस्कृति | क) स्थानीय रूपमा मनाइने मुख्य चाडपर्वको महत्व संरक्षणका फाइदा<br>ख) स्थानीय भेष भुषाको संरक्षणको बारेमा बताउन | क) स्थानीय चाडपर्वको संरक्षण<br>ख) स्थानीय भाषा भेषभुषा | क) दसैँ, तिहार र ल्होसार पर्वहरुको संरक्षण<br>ख) तामाङ भेषभुषाको संरक्षण<br>ग) स्थानीय जात्रा मेलाहरुको निरन्तरता र संरक्षण | क) दशैं, तिहार र ल्होसार जस्ता चाडपर्वको ऐतिहासिकता, मौलिकता र महत्व र संरक्षणका बरेमा स्थानीय अग्रजहरुसँग छलफल तथा अन्तरक्रिया गर्न लगाउने<br>ख) विशेष चाडपर्वमा, सुख दुखमा बजाइने बाजा र गाइने गीतहरुको सम्बन्धमा | क) अवलोकन भ्रमण गराउने<br>ख) चित्र, भिडियो, बाजा पोस्टर<br>ग) पावर पोइन्ट स्लाइड | क) स्थानीय रूपमा मनाइने जात्रा, चाडपर्व र मेलाको संरक्षणका उपायहरु भन्न लगाउने<br>ख) स्थानीय जात्राको अवलोकन गरी | ४० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | ग) मेला र जात्राको संरक्षण गर्न गर्नु पर्ने कार्यहरु भन्न<br>घ) स्थानीय बाजाहरुको संरक्षणका उपायहरु सुझाउन | ग) स्थानीय जात्रा मेला<br>घ) स्थानीय जात्रा पर्व मेलामा बजाइने बाजा | घ) स्थानीय गीत र बाजाहरुको संरक्षण | स्थानीय कलाकारहरुसँग सोधुपुछ गरी ति गाना तथा बाजाहरुको संरक्षणका लागि के गर्न सकिन्छ छलफल गरी कक्षाककोठामा प्रस्तुतीकरण गर्न लगाउने<br>ग) विभिन्न समयमा लाग्ने मेला तथा जात्राहरु मनाउदा हुने फाइदा र मनाउने पौराणिक चलनहरुको बारेमा अग्रजहरुसँग छलफल गरी प्राप्त उपायहरु साथीहरुसँग आदानप्रदान गर्ने<br>घ) विभिन्न समयमा लगाउने भेषभुषाका संरक्षणको लागि स्थानीय अग्रजहरुसँग छलफल प्राप्त उपायहरुको गरी प्रतिवेदन तयार गर्न लगाउने | | जात्राको संरक्षणका लागि आफुले गर्न सक्ने भुमिकाका बारेमा भन्न लगाउने<br>ग) स्थानीय भेषभुषा र बाजा तथा गानाहरुको संरक्षण कसरी गर्न सकिन्छ ? बताउन लगाउने | |
| ऐतिहासिक र पर्यटकीय तथा धार्मिक स्थल | गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षणका उपायहरु भन्न | ऐतिहासिक र पर्यटकीय स्थल | क) गाउँपालिकामा भएका पर्यटकीय स्थलहरु तामाङ सम्पदा मार्ग, कालो गाउँ, छमकङ डाँडा, खुर्पु भन्ज्याङ, पार्वतीकुण्ड, साङजेन भ्याली सोमदाङ भ्याली, प्राकृतिक तातोपानी मध्येबाट<br>ख) ऐतिहासिक स्थलः घले दरबार, नेवार दरबार | क) विद्यालय वरपर रहेको ऐतिहासिक स्थलको अवलोकन भ्रमण गराउने र त्यसपश्चात ऐतिहासिक स्थलको संरक्षणको बारेमा घरका बुबाआमाहरुसँग सोधपुछ गर्न लगाउने र उनीहरुले भनेका कुरा कक्षाकोठामा भन्न लगाउने छलफल गर्न<br>ख) ऐतिहासिक स्थलको संरक्षणका लागि गरिएका उपायहरुको चित्र तथा भिडियोहरु देखाउने<br>ग) गाउँपालिका भित्र रहेको कालो गाउँ, घले दरबार र नेवार दरबार विभिन्न कुण्डहरुको संरक्षणका लागि गर्न सकिने उपायहरुको खोजीका लागि स्थलगत अध्ययन अलोकन भ्रमण गराउने र विद्यार्थीहरुबाट प्राप्त सुझावलाई संश्लेषित गरी शिक्षकले कक्षाकोठामा प्रस्तुतीकरण गर्ने | विद्यालय रहेको क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको चित्र पोष्टर भिडियो | क) पर्यटकीय क्षेत्रको के महत्व छ ?<br>ख) ऐतिहासिक र पर्यटकीय क्षेत्रको संरक्षण गर्दा स्थानीयहरुलाई के फाइदा हुन्छ ?<br>ग) नेवार दरबारको संरक्षणको लागि गाउँपालिकाले के गर्नु पर्छ ?<br>घ) कुण्डहरुको संरक्षण गर्न के गर्नु पर्छ ?<br>ङ) कालो गाउँ संरक्षणको उपाय के होला ? | २५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| पेसा उद्यमशीलता र प्रविधि | क) आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा को प्रवर्धन तथा व्यवसायीकरणका बारेमा बताउन<br>ख) स्थानीय उद्यमशीलताको प्रवर्धनका लागि गर्नु पर्ने कार्यहरु बताउन<br>ग) गाउँपालिका भित्रका पुराना प्रविधिको संरक्षणको बारेमा बताउन | स्थानीय मुख्य परम्परागत पेसाको प्रवर्धन<br>स्थानीय उद्यमशिलताको प्रवर्धन र व्यवसायीकरण<br>पुराना प्रविधहरुको संरक्षण | क) आफ्नो परिवारका सदस्यहरू–आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरूको प्रवर्धन<br>ख) आफ्नो घर वा छिमेकका मानिसहरू गर्ने उद्यमबाट बनाइएका सामानहरु ऊन, राडि, टोपी , चोयाबाट बनाइएका सामानहरु मान्द्रो, डोको, डालो बुन्नुको महत्व<br>ग) पुराना प्रविधिहरु प्रविधिको संरक्षण | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको महत्वको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने,<br>ख) स्थानीय मानिसहरुले गर्ने उद्यमशीलताबाट बनाइएका सामानहरु राडि, पटुका, टोपी, बख्खु, चयोयाबाट बुनेका सामानहरु डोको, डालो, नाङलोहरुको फोटोसहित देखाउने र तिनीहरुको प्रवर्धनको लागि गर्नु पर्ने करायहरुको बारेमा छलफल गरी प्राप्त निष्कर्षलाई टिपोट गराउने<br>ग) स्थानीय पुराना प्रविधिहरुको खोजी गरी सूची तयार गर्ने र तिनिहरुको संरक्षण के कसरी गर्न सकिन्छ भनि छलफल गराउने | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>ख) स्थानीय प्रविधिहरुको फोटो सहितको सूची | क) आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूको पर्वधन कसरी गर्न सकिन्छ ? बताउन लगाउने।<br>ख) स्थानीय उद्यमशीलताको प्रवर्धन कसरी गर्न सकिन्छ ? सोध्ने<br>ग) स्थानीय प्रविधि र तिनको प्रयोग बारे भन्न लगाउने<br>यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ। | २० घण्टी |
| पोषणयुक्त खाना स्वास्थ्य र व्यक्तिगत तथा वातावरणीय सरसफाइ, व्यायाम, योग तथा ध्यान | क) वातावरणीय सरसफाइको परिचय दिन<br>ख) आफ्नो घर आँगनको सरसफाईमा बुबाआमालाई मद्दत गर्न<br>ग) पत्रु खाना र पोषण युक्त खानाको भिन्नता बताउन<br>घ) स्थानीय खेल खेल मार्फत शारीरिक व्यायाम गर्न<br>ङ) योग र ध्यानको परिचय दिन | क) वातावरणीय सरसफाइको परिचय<br>ख) सन्तुलित भोजन<br>ग) कुनै दुई स्थानीय खेल<br>घ) योग र ध्यान | क) वातावरणीय सरसफाइको परिचय घर आँगन र विद्यालयको सरसफाई<br>ख) सन्तुलित भोजन<br>ग) कुनै दुई स्थानीय खेल<br>घ) योग र ध्यान | क) विद्यार्थीलाई विद्यालय वरपरको वातावरणमा केहि समय अवलोकन गर्न दिने<br>ख) कक्षाकोठामा पालैपालो विद्यालयवर्परको वातावरण सफा फोहोर कस्तो रहेको रहेछ प्रस्तुत गर्न लगाउने<br>ग) अब आफ्नो घर आँगनको अवस्था स्मरण गर्न लगाउने<br>घ) विद्यालय र आफ्नो घर आँगन मध्ये कुन सफा र कुन कम सफा रहेका छन् पालैपालो तुलना गर्न लगाउने र वातावरणीय सरसफाइको बारेमा शिक्षकले प्रस्ट पार्दै आफ्नो घर आँगन र विद्यालय समेत सफा राख्न प्रेरित गर्ने<br>ङ) विद्यार्थीहरुलाई अघिल्लो कक्षामा पढेको सन्तुलित भोजन भन्ने पाठ स्मरणगर्न लगाउने त्यसमा भएका मुख्य शब्दहरु टिप्न लगाउने यसै गरी आफुले | क) सफा र फोहोर घर, विद्यायलयको फोटोपोस्टर, चित्र, चार्ट<br>ख) सन्तुलित भोजनको फोटो भिडियो<br>ग) योग ध्यान गरेको फोटो भिडियो<br>अन्य सान्दर्भिक सामग्री प्रयोग गर्न सकिनेछ। | क) वातावरणीय सरसफाइ भनेको के हो ?<br>ख) घर आँगनको सरसफाई गर्दा कसरी बाबुआमालाई सहयोग गर्न सकिन्छ ?<br>ग) पत्रु खाना र पोषणयुक्त खानामा के भिन्नता छ<br>घ) सन्तुलित आहार किन खानु पर्छ? सन्तुलित आहार नखाँदा के हुन्छ ?<br>ङ) ध्यान भनेको के हो ?<br>यी र यस्तै उपयुक्त प्रश्न वा विधि मार्फत मुल्याङ्कन गर्न सकिनेछ। | १५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | अहिले पढि रहेको कक्षाको कुनै विषयमा सन्तुलित भोजन सम्बन्धी कुरा पढे नपढेको सोध्ने<br>च) पत्रु खाना र पोषणयुक्त खाना मध्ये कुन खानाले सन्तुलित भोजनको काम गर्ला सोध्ने र पत्रु खाना खाँदा मानिसले सन्तुलित आहार नपाउने र वृद्धि विकासमा असर पर्ने कुरा शिक्षकले बताऐ दिने यसपाठ अध्यापन गर्दा विद्यार्थीहलाई विभिन्न अभिनय नाटक आदि मार्फत पनि गराउन सकिन्छ ।<br>छ) सक्रियतापूर्वक खेल खेल्ने र त्यसले शरीरमा हुने व्यायाम र व्यायाम गर्नुको महत्व छलफल गराउने<br>ज) योग र ध्यानबारे विलार्थीको धारणा टिप्ने बुद्धले कसरी ज्ञान प्राप्त गरे होलान् बुद्ध सम्बन्धी कुनै कथा पढेका छौ सोध्ने र विस्तारै विद्यार्थीलाई योग र ध्यानबारे विषय प्रवेश गराउने योग र ध्यान गरेको फोटो भिडियोहरु देखाउने कक्षामा विद्यार्थीहरुलाई पनि ध्यान गर्न अभ्यास गराउने<br>यी र यस्तै अन्य उपयुक्त क्रियाकलाप गराउन सकिनेछ | | | |
| प्रकोप, प्रकोप व्यवस्थापन | क) प्रकोपहुने कारण बताउन<br>ख) स्थानीय स्तरमा भई रहेका प्रकोपका घटनाहरुको कारण बताउन | क) प्रकोपको कारण<br>ख) स्थानीय स्तरमा देखा परिरहेका प्रकोपका घटनाहरु | क) प्रकोपको कारण<br>ख) स्थानीय स्तरमा देखा परिरहने प्रकोपहरुः पहिरो, आगलागी, सडक दुर्घटना, भुकम्प | क) स्थानीय स्तरमा हुने गरेका बाढी पहिरो आगलागी हावाहुरी आदिको अनुभव आदान प्रदान गर्दै प्रकोप र स्थानीय स्तरमा भएका प्रकोपका घटनाको कारणका बारेमा छलफल गराउने<br>ख) प्रकोप भएका स्थलहरुको अवलोकन भ्रमण गराउने | विभिन्न प्रकोपको सामाना गरिएको चित्र, फोटो, भिडियो अवलोकन भ्रमण प्रतिवेदन | क) प्रकोपका घटना हुनुका कारण के हुन सक्छन् ?<br>ख) तिम्रो समुदायमा बारम्बार हुने प्रकोपको घटनाको नाम र ति घटना हुनुका सम्भावित कारणहरु केके हुन सक्छन् ? | ११ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | ख) प्रत्येक प्रकोपको कारणका बारेमा छुट्टा छुट्टै छलफल गराउने क्रियाकलाप गराउने | | यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङकन गर्न सकिनेछ। | |
| स्थानीय संरचना, सामाजिक संस्था, विशिष्ट व्यक्ति र अग्रज | क) आफु रहेको वडाको संरचना बताउन<br>ख) वडा समितिका पदाधिकारीहरुको बारेमा बताउन<br>ग) आफु रहेको वडा भित्र स्थापना भई क्रियाशिल रहेका सामाजिक संघसंस्थाको नाम र तिनिहरुको कार्य भन्न | क) वडाको संरचना<br>ख) वडा समिति<br>ग) वडा भित्र क्रियाशिल सामाजिक संघसंस्था | क) वडाको संरचना<br>ख) वडा समिति<br>ग) वडा भित्र क्रियाशिल सामाजिक संघसंस्था आमासमुह, | क) आफु बसेको वडा कार्यालयमा पुग नपुगेको बरेमा विद्यार्थीहरुसँग सोध्ने<br>ख) पुगेको भए वडा कार्यालयमा कोको देखेका थियौ र कार्यालयमा भएका मान्छे तिमिले चिनेका थिए की थिएनन सोध्ने र विषय प्रवेश गराई वडा कार्यालयको संरचना बारे शिक्षकले प्रस्ट पार्ने<br>ग) नजिकैको वडा कार्यालय भ्रमण गराउने<br>घ) वर्तमान पदाधिकारी कोको रहेछन् भ्रमणको क्रममा टिपोट गर्न लगाउने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउने<br>ङ) वडा भित्र रहेका समुह आमासमुह र विभिन्न संस्थाको बारेमा विद्यार्थीहरुलाई सोध्ने<br>च) आमा समुहले के काम गर्ने गर्छ भन्ने बारेमा घरमा आमाहरुलाई सोधेर आउन भन्ने<br>छ) अन्य संघ संस्थाहरु कुन कुन रहेका छन् र तिनले गर्ने कामको बारेमा शिक्षकले बताइदिने | वडा कार्यालयको फोटो, पदाधिकारीहरुको नामावली भएको कार्ड<br>आमा समुहको बैठकको फोटो तथा भिडियो<br>वडा भित्र क्रियाशिल अन्य संघसंस्थाको नाम र कार्यविवरणलेखिएको पोस्टर ब्रुसर | क) आफु बस्ने वडाको वडा अध्यक्षको नाम सोध्ने<br>ख) वडा समितिमा कतिजना पदाधिकारी रहने व्यवस्था छ?<br>ग) आमासमुहले गरेको उल्लेखनिय काम केके हुन् | ८ घण्टी |

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | क) आमाछोदिङमो गाउँपालिकाको सिमाना, उचाइ, अक्षांश, र देशान्तर बताउन<br>ख) पालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या खोजी गरी सन्दर्भका आधारमा उपयोग गर्न<br>ग) आमाछोदिङमो गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न | क) आमाछोदिङमो गाउँपालिकाको सिमाना<br>ख) गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या<br>ग) आमाछोदिङमो गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू | क) आमाछोदिङमो गाउँपालिकाको सिमाना उचाइ अक्षांश, देशान्तर<br>ख) गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या तामाङ, घले, नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दलित)<br>ग) आमाछोदिङमो गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरू–विद्यालय अन्य शैक्षिक सङ्घ संस्थाहरू) | क) ग्लोब तथा नक्साको प्रयोग गरी आमाछोदिङमो गाउँपालिकाको उचाइ, अक्षांश, र देशान्तरबारेमा छलफल गराउने<br>ख) आमाछोदिङमो गाउँपालिकाको भूगोल, अक्षांश, देशान्तर तथा माटाको प्रकार समेटिएका विविध सामग्रीको अध्ययन गरी मुख्य मुख्य कुरा टिपोट गरी युगल जोडीमा छलफल गर्न लगाउने<br>ग) गाउँपालिकाको क्षेत्रफल बताई भूगोल–समथर, पहाडी, खेतीयोग्य जमिन, सहर वा बस्ती र अन्य) क्षेत्रले ओगट्ने क्षेत्रफलको अनुमान गर्न लगाउने<br>घ) उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी गाउँपालिकामा जातजातिगत वितरण र तिनको जनसङ्ख्या पहिचान गर्न परियोजना कार्य गर्नलगाउने<br>ङ) जातजातिगत सूचनालाई स्थानीय जानकार व्यक्ति वा वडा तथा गाउँपालिका कार्यलयमा गई यकिन गर्न लगाउने<br>च) खोज अनुसन्धान वा परियोजना कार्य गर्दा जनसङ्ख्यामा भिन्नतादेखिए सम्बन्धित पक्षलाई सुधार गर्न सहयोग गर्ने–सही जानकारी उपलब्ध गराउन स्थानीय निकायमा निवेदन दिएर, आफूसँग भएको सही सूचना उपलब्ध गराएर, अभिभावकको सहयोग लिई स्थानीय निकायलाई सचेत गराएर, जानकार व्यक्तिको सूचनामा सुधार गर्न आग्रह गरेर)<br>छ) आमाछोदिङमो गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ | क) सान्दर्भिक चित्र वा नक्सा<br>ख) सूचना प्रविधि ग) अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामग्री | क) उपलब्ध सामग्रीका आधारमा आमाछोदिङमो गाउँपालिकाको सिमाना पहिचान गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>ख) प्रदर्शित नक्सा वा चित्र, जस्तै : गरी चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>ग) कोरिएको नक्सामा गाउँपालिकाको बस्ती वा सहर, उचाइ, वनजङ्गल सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने<br>घ) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोक गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>ङ) आमाछोदिङमो गाउँपालिका र यसको जातजातिगत वितरण र जनसङ्ख्याको सूची निर्माण तथा प्रदर्शन गर्न सके नसकेका आधारमा सिकाइको मापन गर्ने<br>च) आमाछोदिङमो गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घसंस्थाहरूका जानकारी भए नभएको प्रश्नोत्तर गरी सिकाइको मापन गर्ने | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | संस्थाहरू सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने र यसका आधारमा शैक्षिक सस्थाको सङ्ख्या यकिन गर्न लगाउने<br>ज) शैक्षिक सङ्घ संस्थाहरू रहेको नक्सा सङ्कलन गरी नक्सामा, जस्तै : भौगोलिक क्षेत्र झल्किने चित्र निर्माण तथा प्रदर्शन गर्न लगाउने | | | |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | क) प्राकृतिक स्रोतको वितरणको अवस्था अवलोकन गरी त्यसको संरक्षण र उपयोगीता भन्न<br>ख) प्राकृति स्रोतको संरक्षणका उपायहरु बताउन<br>ग) स्थानीय सम्पदाको उपयोगीताका बारेमा बताउन | क) प्राकृतिक स्रोतहरु<br>ख) स्थानीय सम्पदाहरु | क) प्राकृतिक स्रोतको अवस्था<br>ख) प्राकृतिक स्रोतको संरक्षण तथा उपयोगीता<br>ग) स्थानीय सम्पदाकोहरु गुम्बा, मन्दिर तथा छुर्तेनहरुको संरक्षण तथा उपयोगीता | क) आमाछोदिङमो गाउँपालिकाका प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने । उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने ।<br>ख) कक्षामा छलफल गरिएका स्रोतअनुसार विद्यार्थीको समूह निर्माण गरी स्थलगत अध्ययन भ्रमण गर्न र सोका आधारमा प्रतिवेदनका लागि परियोजना कार्य प्रदान गर्ने । यसका लागि विद्यार्थी आफ्नो पायक पर्ने स्थानका स्रोत वा भिन्न स्थानका स्रोत वा मिश्रित हुने गरी विद्यार्थीको समूह बनाई समूहमा काम गर्न उत्प्रेरित गर्ने<br>ग) समूहको प्रतिवेदनलाई समेटी शिक्षकले आमाछोदिङमो गाउँपालिकाभित्रको प्राकृतिक स्रोत अवस्था र तिनीहरुको संरक्षण र उपयोगीताका बारेमा छलफल गर्ने<br>घ) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवन शैलीका लागि प्राकृतिक स्रोतको महत्व बताईं त्यसका आधारमा छलफल तथा | क) सान्दर्भिक तस्बिर वा चित्र<br>ख) श्रव्यदृश्य सामग्री | १. प्राकृतिक सम्पदाको संरक्षण किन गर्नु पर्दछ ?<br>२. कुण्ड, प्राकृतिक तातोपानी, भ्याली, खोला नदीको कसरी अधिकतम् उपयोग गर्न सकिन्छ ?<br>३. विद्यार्थीको व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रश्नोत्तर गराउने। छलफल तथा प्रश्नोत्तरलाई मौखिक तथा मौखिक दुवै रूपमा अभ्यास गराउने। उक्त अभ्यासका उत्पादनलाई स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन तथा समूह मूल्याङ्कन गर्ने वा गराउने अवसर प्रदान गर्ने<br>ङ) आमाछोदिङमो गाउँपालिकाका स्थानीय सम्पदाका विभिन्न सामग्री वितरण वा प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्ने लगाउने<br>च) विद्यार्थीको पूर्वज्ञान, अनुभव र अध्ययन गरिएका सामग्रीका आधारमा स्थानीय सम्पदाको संरक्षण र उपयोगीताका सम्बन्धमा विद्यार्थीहरु कसरी सहभागी हुन सक्छन् समूहगत रुपमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्ने<br>छ) उल्लिखित कार्य गर्दा सूचना प्रविधिलाई माध्यमका रूपमा उपयोग गरी उपलब्ध श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने। | | | |
| हाम्रो संस्कार र संस्कृति | क) स्थानीय रूपमा मनाइने मुख्य चाडपर्वको प्रचार प्रसार गर्ने तरिका बताउन<br>ख) स्थानीय भेष भुषाको प्रचार प्रसारको तरिका भन्न<br>ग) मेला र जात्राको प्रचार प्रसार गर्दा हुने फाइदाहरु भन्न<br>घ) स्थानीय बाजाहरु बजाउन | क) स्थानीय चाडपर्वको प्रचार प्रसार<br>ख) स्थानीय भाषा भेषभुषा<br>ग) स्थानीय जात्रा मेला<br>घ) स्थानीय जात्रा पर्व मेलामा बजाइने बाजा | ङ) दसैँ, तिहार र ल्होसार पर्वहरुको संरक्षण<br>च) तामाङ भेषभुषाको संरक्षण<br>छ) स्थानीय जात्रा मेलाहरुको निरन्तरता र संरक्षण<br>ज) स्थानीय गीत र बाजाहरु | क) स्थानीय चाडपर्वको जात्रा मेला गीत संगीतको प्रचारप्रसार गर्न केके गर्न सकिन्छ ? कक्षाकोठामा छलफल गर्ने<br>ख) स्थानीय चाडपर्व मनाएको फोटो भिडियोहरु सामाजिक सञ्जाल वेवसाइट तथा रेडियो टेलिभिजनमा देखेका छौ भनि विद्यार्थीहरुसँग छलफल गर्न अनि के हामीले पनि यसरी नै आफुले मनाउने स्थानीय संस्कृतीहरुलाई सामाजिक सञ्जाल विद्यालयको वेवसाइट आदिमा राखेर प्रचार प्रसार गर्न सकिने कुरा बताउने | सामाजिक सञ्जालमा प्रस्तुत गरिएको साँस्कृतिक कार्यक्रमको फोटो भिडियो विद्यालयको वेवसाइट | क) स्थानीय रूपमा मनाइने जात्रा, चाडपर्व र मेलाको गीत संगित र बाजाहरुको प्रचार प्रसार गर्न कुनै दुई तरिका भन्न लगाउने<br>ख) प्रचारप्रसारबाट हुने फाइदा भन्न लगाउने | ४० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | ग) यसरी प्रचार प्रसार गर्दा हुने फाइदाका बारेमा व्यक्तिगत तथा सामुहिक छलफल गराई पर्यटन प्रवर्धन गर्न सकिने निष्कर्ष टिपोट गर्ने | | | |
| ऐतिहासिक र पर्यटकीय तथा धार्मिक स्थल | गाउँपालिका भित्रका ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र उपयोगीतहरु भन्न | ऐतिहासिक र पर्यटकीय स्थल | क) गाउँपालिकामा भएका पर्यटकीय स्थलहरु तामाङ सम्पदा मार्ग, कालो गाउँ, छमकङ डाँडा, खुर्पु भन्ज्याङ, पार्वतीकुण्ड, साङजेन भ्याली सोमदाङ भ्याली, प्राकृतिक तातोपानी मध्येबाट<br>ख) ऐतिहासिक स्थलः घले दरबार, नेवार दरबार | क) विद्यालय वरपर रहेको ऐतिहासिक स्थलको अवलोकन भ्रमण गराउने र त्यसपश्चात ऐतिहासिक स्थलको संरक्षण तथा यिनीहरुको उपयोगीताको बारेमा घरका बुबाआमाहरुसँग सोधपुछ गर्न लगाउने र उनीहरुले भनेका कुरा कक्षाकोठामा भन्न लगाउने छलफल गर्न<br>ख) ऐतिहासिक स्थलको उपयोगीताबाट लिन सकिने फाइदाहरुको चित्र तथा भिडियोहरु देखाउने<br>ग) गाउँपालिका भित्र रहेको कालो गाउँ, घले दरबार र नेवार दरबार विभिन्न कुण्डहरुको उपयोगीताका बारेमा विद्यार्थीहरुबाट प्राप्त सुझावलाई संश्लेषित गरी शिक्षकले कक्षाकोठामा प्रस्तुतीकरण गर्ने | विद्यालय रहेको क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको चित्र पोष्टर भिडियो | क) पर्यटकीय क्षेत्रको के महत्व छ ?<br>ख) ऐतिहासिक र पर्यटकीय क्षेत्रको संरक्षण गर्दा स्थानीयहरुलाई के फाइदा हुन्छ ?<br>ग) नदिनालामा भएको पानीको अधिकतम् उपयोग कसरी गर्न सकिन्छ ?<br>घ) पर्यटकीय स्थलहरुको उपयोगीताले गाउँलेलाई कसरी बर्थि फाइदा हुन्छ ?<br>ङ) कालो गाउँलाई पर्यटकीय गाउँ बनाउने उपाय के होला ? | २५ घण्टी |
| स्थानीय पेसा उद्यमशीलता र प्रविधि | क) आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा को प्रवर्धन तथा व्यवसायीकरणका बारेमा बताउन<br>ख) स्थानीय उद्यमशीलताको प्रवर्धन र व्यवसायीकरणका लागि गर्नु पर्ने कार्यहरु बताउन | स्थानीय मुख्य परम्परागत पेसाको प्रवर्धन<br>स्थानीय उद्यमशिलताको प्रवर्धन र व्यवसायीकरण<br>पुराना प्रविधहरुको संरक्षण तथा व्यसायीकरण | क) आफ्नो परिवारका सदस्यहरू–आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरूको प्रवर्धन तथा व्यसायीकरण<br>ख) आफ्नो घर वा छिमेकका मानिसहरू गर्ने उद्यमबाट बनाइएका सामानहरु ऊन, राडि, टोपी , चोयाबाट बनाइएका सामानहरु मान्द्रो, डोको, डालो बुन्नुको महत्व | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको महत्वको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने,<br>ख) स्थानीय मानिसहरुले गर्ने उद्यमशीलताबाट बनाइएका सामानहरु राडि, पटुका, टोपी, बख्खु, चयोयाबाट बुनेका सामानहरु डोको, डालो, नाङलोहरुको फोटोसहित देखाउने र तिनीहरुको प्रवर्धनको गरी व्यसायीकरण गर्नका लागि गर्नु पर्ने | क) स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>ख) स्थानीय प्रविधिहरुको फोटो सहितको सूची<br>ग) गाउँपालिका भित्रका जलविद्युत आयोजनाहरु | क) आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूको पर्वधन गरी उत्पादित वस्तुको व्यवसायीकरण कसरी गर्न सकिन्छ ? बताउन लगाउने ।<br>ख) स्थानीय उद्यमशीलताको प्रवर्धन गरी व्यवसाय उन्मुख कसरी गर्न सकिन्छ ? सोध्ने | २० घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | ग) गाउँपालिका भित्रका पुराना प्रविधिको संरक्षणको तथा व्यसायीकरण | | ग) पुराना प्रविधिहरु प्रविधिको संरक्षण तथा व्यसायीकरण | कार्ययहरुको बारेमा छलफल गरी प्राप्त निष्कर्षलाई टिपोट गराउने<br>ग) स्थानीय पुराना प्रविधिहरुको खोजी गरी सूची तयार गर्ने र तिनिहरुको संरक्षण के कसरी गर्न सकिन्छ र त्यसलाई नविनतम् प्रविधिमा रुपान्तरण गरी कसरी व्यसायीकरण गर्न सकिन्छ भनि छलफल गराउने जस्तैः पुरानो प्रविधिको पानी घट्ट नविनतम् प्रविधिका जलविद्युत आयोजनाहरु | | ग) स्थानीय प्रविधि र तिनको प्रयोग बारे भन्न लगाउने<br>यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङ्कन गर्न सकिनेछ। | |
| पोषणयुक्त खाना स्वास्थ्य र व्यक्तिगत तथा वातावरणीय सरसफाइ, व्यायाम, योग तथा ध्यान | क) वातावरणीय सरसफाइको परिचय दिन<br>ख) आफ्नो घर आँगनको सरसफाईलाई आदतको रुपमा परिवर्तन गर्नेछन्<br>ग) पत्रु खाना र पोषण युक्त खानाको भिन्नता बताउन<br>घ) स्थानीय खेल खेल मार्फत शारीरिक व्यायाम गर्न<br>ङ) योग र ध्यानको परिचय दिन र अभ्यास गर्न | क) वातावरणीय सरसफाइको परिचय<br>ख) सन्तुलित भोजन<br>ग) कुनै दुई स्थानीय खेल<br>घ) योग र ध्यान | क) वातावरणीय सरसफाइको परिचय घर आँगन र विद्यालयको सरसफाई<br>ख) सन्तुलित भोजन<br>ग) कुनै दुई स्थानीय खेल<br>घ) योग र ध्यान | क) विद्यार्थीलाई विद्यालय वरपरको वातावरणमा केहि समय अवलोकन गर्न दिने<br>ख) कक्षाकोठामा पालैपालो विद्यालयवर्परको वातावरण सफा फोहोर कस्तो रहेको रहेछ प्रस्तुत गर्न लगाउने<br>ग) विद्यालय परिसर शौचालयको सरसफाइ गर्ने र गर्न लागउने यसैगरी घरमा पनि गर्नु पर्दछ भनि प्रयोगातमक कार्य गर्ने<br>घ) शिक्षकले प्रस्ट पार्दै आफ्नो घर आँगन र विद्यालय समेत सफा राख्न प्रेरित गर्ने<br>ङ) विद्यार्थीहरुलाई अघिल्लो कक्षामा पढेको सन्तुलित भोजन भन्ने पाठ स्मरणगर्न लगाउने त्यसमा भएका मुख्य शब्दहरु टिप्न लगाउने यसै गरी आफुले अहिले पढि रहेको कक्षाको कुनै विषयमा सन्तुलित भोजन सम्बन्धी कुरा पढे नपढेको सोध्ने | घ) सफा र फोहोर घर, विद्यायलयको फोटोपोस्टर, चित्र, चार्ट<br>ङ) सन्तुलित भोजनको फोटो भिडियो<br>च) योग ध्यान गरेको फोटो भिडियो<br>अन्य सान्दर्भिक सामग्री प्रयोग गर्न सकिनेछ। | च) वातावरणीय सरसफाइ भनेको के हो ?<br>छ) घर आँगनको सरसफाई गकहिले कहिले गर्नु पर्छ ?<br>ज) पत्रु खाना र पोषणयुक्त खानामा के भिन्नता छ<br>झ) सन्तुलित आहार किन खानु पर्छ? सन्तुलित आहार नखाँदा के हुन्छ ?<br>ञ) ध्यान भनेको के हो ?<br>यी र यस्तै उपयुक्त प्रश्न वा विधि मार्फत मुल्याङ्कन गर्न सकिनेछ। | १५ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| | | | | च) पत्रु खाना र पोषणयुक्त खाना मध्ये कुन खानाले सन्तुलित भोजनको काम गर्ला सोध्ने र पत्रु खाना खाँदा मानिसले सन्तुलित आहार नपाउने र वृद्धि विकासमा असर पर्ने कुरा शिक्षकले बताउने ।<br>छ) सक्रियतापूर्वक खेल खेल्ने र त्यसले शरीरमा हुने व्यायाम र व्यायाम गर्नुको महत्व छलफल गराउने<br>ज) योग र ध्यानबारे विलार्थीको धारणा टिप्ने बुद्धले कसरी ज्ञान प्राप्त गरे होलान् बुद्ध सम्बन्धी कुनै कथा पढेका छौ सोध्ने र विस्तारै विद्यार्थीलाई योग र ध्यानबारे विषय प्रवेश गराउने योग र ध्यान गरेको फोटो भिडियोहरु देखाउने कक्षामा विद्यार्थीहरुलाई पनि ध्यान गर्न अभ्यास गराउने | | | |
| प्रकोप, प्रकोप व्यवस्थापन | क) प्रकोपहुने कारण बताउन र न्यूनीकरणका उपाय भन्न<br>ख) स्थानीय स्तरमा भई रहेका प्रकोपका घटनाहरुको कारण बताउन र न्यूनीकरणका उपाय भन्न तथा गर्न | क) प्रकोपको कारण र न्यूनीकरणका उपायहरु<br>ख) स्थानीय स्तरमा देखा परिरहेका प्रकोपका घटनाहरु न्यूनीकरणका उपायहरु | क) प्रकोपको कारण र न्यूनीकरणका उपायहरु<br>ख) स्थानीय स्तरमा देखा परिरहने प्रकोपहरुः पहिरो, आगलागी, सडक दुर्घटना, भुकम्प न्यूनीकरणका उपायहरु | क) स्थानीय स्तरमा हुने गरेका बाढी पहिरो आगलागी हावाहुरी आदिको अनुभव आदान प्रदान गर्दै प्रकोप र स्थानीय स्तरमा भएका प्रकोपका घटनाको कारण र न्यूनीकरणका उपायहरुका बारेमा छलफल गराउने<br>ख) प्रकोप भएका स्थलहरुको अवलोकन भ्रमण गराउने<br>ग) प्रत्येक प्रकोपको कारण र न्यूनीकरण गर्न गर्न सकिने उपायहरुका बारेमा छुट्टा छुट्टै छलफल गराउने क्रियाकलाप गराउने | विभिन्न प्रकोपको सामाना गरिएको चित्र, फोटो, भिडियो अवलोकन भ्रमण प्रतिवेदन | क) प्रकोपका घटना हुनुका कारण के हुन सक्छन् ?<br>ख) तिम्रो समुदायमा बारम्बार हुने प्रकोपको घटनाको नाम र ति घटना हुनुका सम्भावित कारणहरु केके हुन सक्छन् ? तिनीहरुको न्यूनीकरणका लागि के उपायहरु अवलम्बन् गर्न सकिन्छ ?<br>यस्तै अन्य उपयुक्त विधिबाट मूल्याङकन गर्न सकिनेछ । | ११ घण्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पा. भा. |
|---|---|---|---|---|---|---|---|
| स्थानीय संरचना, सामाजिक संस्था, विशिष्ट व्यक्ति र अग्रज | क) आफ्नो गाउँपालिकाको संरचना बताउन<br>ख) आफ्नो गाउँपालिकाको गाउँकार्यापालिका र गाउँसभामा रहेका पदाधिकारीहरुको बारेमा बताउन<br>ग) गाउँपालिका भित्र स्थापना भई क्रियाशिल रहेका सामाजिक संघसंस्थाको नाम र तिनिहरुको कार्य भन्न | क) गाउँपालिकाको संरचना<br>ख) गाउँकार्यपालिकाका पदाधिकारी<br>ग) गाउँसभाका पदाधिकारी<br>घ) गाउँपालका भित्र क्रियाशिल सामाजिक संघसंस्था | क) गाउँपालिकाको संरचना<br>ख) गाउँकार्यपालिकाका पदाधिकारी<br>ग) गाउँसभाका पदाधिकारी<br>ग) गाउँपालका भित्र क्रियाशिल सामाजिक संघसंस्था | क) आफ्नो गाउँपालिका कार्यालयमा पुगे नपुगेको बरेमा विद्यार्थीहरुसँग सोध्ने<br>ख) पुगेको भए कार्यालयमा कोको देखेका थियौ र कार्यालयमा भएका मान्छे तिमिले चिनेका थिए की थिएनन सोध्ने र विषय प्रवेश गराई गाउँपालिकाको कार्यालयको संरचना बारे शिक्षकले प्रस्ट पार्ने<br>ग) गाउँकार्यपालिकाका वर्तमान पदाधिकारी कोको रहेछन् बुबाआमासँग सोधेर आउन लगाउने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउने<br>घ) गाउँसभामा कोको पदाधिकारी हुन्छन् शिक्षकले प्रस्ट पारिदिने<br>ङ) गाउँपालिका भित्र रहेका संस्थाको बारेमा सूची तयार गर्न विद्यार्थाई अग्रज,बुबाआमा, छिमेकीहरुसँग सोधेर ति संघ संस्थाहरुले गर्ने कामको बारेमा रिपोर्ट तयार गर्न लगाउने र थप शिक्षकले बताइदिने | वडा कार्यालयको फोटो, पदाधिकारीहरुको नामावली भएको कार्ड आमा समुहको बैठकको फोटो तथा भिडियो वडा भित्र क्रियाशिल अन्य संघसंस्थाको नाम र कार्यविवरणलेखिएको पोस्टर ब्रुसर | घ) आफु बस्ने गाउँपालिकाको अध्यक्ष र उपध्यक्षको नाम सोध्ने<br>ङ) गाउँकार्यपालिकामा कतिजना पदाधिकारी रहेने व्यवस्था छ?<br>च) गाउँपालिका भित्र स्थापना भई क्रियाशिल भएका सामाजिक संघ संस्थाको नाम भन र तिनीहरुले गरेका उल्लेखनिय काम केके हुन् ? | ६ घण्टी |

## ७. पाठ्यघन्टी र अङ्क विभाजन तालिका

कक्षा: १–५

| क्र.सं. | क्षेत्र | कक्षा १-३ | | कक्षा ४-५ | |
|---|---|---|---|---|---|
| | | पाठ्य घण्टी | अङ्कभार | पाठ्य घण्टी | अङ्कभार |
| १. | हाम्रो गाउँपालिका | २० | १२ | १२ | ९ |
| २ | हाम्रोप्राकृतिक स्रोत र सम्पदा | ३० | २० | १६ | १२ |
| ३ | हाम्रो संस्कार र संस्कृति | ४० | २५ | २४ | २० |
| ४ | ऐतिहासिक र पर्यटकीय स्थल | २५ | १५ | १६ | १२ |
| ५ | स्थानीय पेसा उद्यमशीलता र प्रविधि | २० | १२ | २४ | २० |
| ६ | पोषणयुक्त खाना स्वास्थ्य, व्यक्तिगत र वातावरणिय सरसफाइ, योग तथा ध्यान | १५ | १० | १२ | ९ |
| ७ | प्रकोप, प्रकोप व्यवस्थापन | १० | ६ | १६ | १२ |
| ८ | स्थानीय संरचना ,सामाजिक संस्था, विशिष्ट व्यक्ति र अग्रज | – | – | ८ | ६ |
| जम्मा | | १६० | १०० | १२८ | १०० |

## ८. सिकाइ सहजिकरण प्रक्रिया

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबीच प्रभावकारी रुपमा शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रियालगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

क) आधारभूत शिक्षण विधि: छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ विधि जस्ता विधिहरुको प्रयोग गर्न सकिनेछ ।

ख) अनुसन्धानमा आधारित शिक्षण विधि : कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

ग) बैकल्पिक शिक्षण विधि : श्रव्यदृश्य, रैथाने, सङ्गीत शिक्षण, कथाकथन, सूचना तथा सञ्चार प्रविधिमा आधारित,

घ) शिक्षणको भाषाः स्थानीय पाठ्यक्रमको शिक्षणका लागि विद्यालयहरुले अनिवार्य तामाङ भाषाको प्रयोग गर्नु पर्नेछ । त्यसको लागि स्थानीय तामाङ भाषाको ज्ञान भएको शिक्षकलाई स्थानीय विषयको शिक्षणको जिम्मेवारी दिनु पर्नेछ । तामाङ भाषा नजान्ने आधारभुत तहमा अध्यापन गराउने शिक्षकहरुलाई तामाङ भाषाको तालिम सम्बन्धित विद्यालय र गाउँपालिकाको समन्वयमा सञ्चालन गरिनेछ ।

## ९. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ :

क) आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने

ख) आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कन र अक्षराङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।

ग) विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक पद्धति तथा निर्णयात्मक पद्धति,सैद्धान्तिक र प्रयोगात्मक दुवै अपनाउनुपर्नेछ ।

घ) स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफँै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ ।

ङ) प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका ९एयचतायष्यि०फाईल रहने छ र त्यसभित्र विद्या विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोहीआधारमा मूल्याङ्कन गरिने छ ।

च) कक्षा १–३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १–३ को मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई “क”, “ख” र “ग” तीन श्रेणीमा विभाजन गरिने छ (अनुसूचि–३ अनुसार) ।

छ) कक्षा ४–५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति–निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक–बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ ।

ज) निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

झ) विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तहमा अति छोटा प्रश्नहरू, बोध तहsf छोटा प्रश्नहरू र उच्च तहका लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नुपर्नेछ ।

ञ) प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्नेछ ।

ट) प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्नेछ ।

ठ) कक्षा १ देखि ५ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

ड) विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रियाराष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरीअनुसूची–१ मा उल्लेख गरेबमोजिम हुने छ ।

## १०. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोत व्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

## ११. समय निर्धारण र पाठ सङ्ख्या

आधारभूत तह कक्षा १–३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घन्टी हुने छ जसमा १६० घन्टी दिइएको छ । त्यसैगरी आधारभूत तह कक्षा ४–८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ । प्रत्येक शैक्षिक सत्र वैशाख देखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र २०० दिन पठनपाठन हुने छ । प्रत्येक घन्टी एक घण्टाको हुनेछ । यस पाठ्यक्रममा आधारित कक्षा १–५ को अनुमानित पाठ्संख्या अनुसूची–२ मा उल्लेख गरे बमोजिम हुनेछ ।

## १२. पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरूपाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनिसामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## अनुसूची–१

## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

कक्षा : १–३

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १५ |
| ३ | कक्षाकार्य/गृहकार्य | १५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | २० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | २० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १५ |
| जम्मा | | १०० |

कक्षा : ४–५

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| जम्मा | | ५० |

ख) निर्णयात्मक–आवधिक) परीक्षा कक्षा : ४–५

पूर्णाङ्क : ५०          उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने          समय : १ घण्टा ३० मिनेट

(औसत प्रश्न तालिका–तहगत रूपमा)

| ज्ञान तह | बोध तह | उच्च तह |
|---|---|---|
| ३० % | ४० % | ३० % |

कक्षा ४–५ को प्रश्नपत्र निर्माण योजना

| प्रश्न क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो गाउँपालिका | ३ | १ | ३ | १ | २ | २ | – | – | – | ४ | ५ |
| प्राकृतिक स्रोत र सम्पदा | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| संस्कार र संस्कृति | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | १० |
| ऐतिहासिक र पर्यटकीय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| पेसा उद्यमशीलता र प्रविधि | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | १० |
| स्वास्थ्य र सफाइ | २ | १ | २ | १ | २ | २ | – | – | – | ३ | ४ |
| प्रकोप, वातावरण र हरित विद्यालय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| व्यक्ति र संस्था परिचय | १ | १ | १ | १ | २ | २ | – | – | – | २ | ३ |
| जम्मा | १५ | १ | १५ | १० | २ | २० | ५ | ३ | १५ | ३० | ५० |

*नोट : प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ । ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कका हुनेछन् । ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ ।*

## अनुसूची–२

## विषयक्षेत्र र क्रम अनुसार अनुमानित कक्षागत पाठ संख्या तालिका

| क्र.सं. | क्षेत्र र क्रम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | २ | २ | २ | २ | २ |
| २ | प्राकृतिक स्रोत र सम्पदा | ३ | ३ | ३ | ३ | ३ |
| ३ | संस्कार र संस्कृति | ४ | ४ | ४ | ४ | ४ |
| ४ | ऐतिहासिक र पर्यटकीय स्थल | ३ | ३ | ३ | ३ | ३ |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | २ | २ | २ | ३ | ३ |
| ६ | स्वास्थ्य र सरसफाइ | २ | २ | २ | २ | २ |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | २ | २ | २ | ३ | ३ |
| ८ | व्यक्ति र संस्था परिचय | – | – | – | १ | १ |
| | जम्मा | १८ | १८ | १८ | २१ | २१ |

## अनुसूची–३

## निरन्तर विद्यार्थी मूल्याङ्कन मापदण्ड र स्तर निर्धारण

(क) रेजाका आधारमा कक्षा १–३ को पाठगत मूल्याङ्कन मापदण्ड

| क्र.सं. | मूल्याङ्कन आधार | अतिउत्तम | उत्तमम | सामान्य |
|---|---|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | √√√ | √√ | √ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | √√√ | √√ | √ |
| ३ | कक्षाकार्य/गृहकार्य | √√√ | √√ | √ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | √√√ | √√ | √ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | √√√ | √√ | √ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | √√√ | √√ | √ |
| | जम्मा | १८ | १२ | ६ |

*नोट : रेजा लगाउनका लागि रुब्रिक्स तयार गर्नु पर्नेछ ।*

(ख) ) रेजाहरुको प्रतिशत निकाल्ने तरिका:

रेजा सुत्र प्रतिशत = $\dfrac{\text{विद्यार्थीले पाएको जम्मा रेजा संख्या x १००}}{\text{जम्मा पढाइ भएको पाठ संख्या x १८}}$

उदाहरण: कक्षा तीनमा पहिलो त्रैमासिकसम्म कुनै विषयमा पढाइ भएको पाठ संख्या = ५ कुनै विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा संख्या = ७०

सुत्र अनुसार, रेजा प्रतिशत = $\dfrac{\text{७० x १००}}{\text{५ x १८}}$

= ७७.७७% उक्त विद्यार्थी (क) श्रेणीमा पर्दछ ।

(ग) रेजाका आधारमा श्रेणी निर्धारण

पाठगत आधारमा रेजा दिइसके पछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने ।

| क्र.सं. | कक्षा | रेजा प्रतिशत | श्रेणी स्तर |
|---|---|---|---|
| १ | १-५ | ७० - १०० | क |
| २ | १-५ | ४० - ६९ | ख |
| ३ | १-५ | ४० भन्दा तल | ग |